## Chapters

1 - Prasasta Ko Jeevan

2 - Khusi Ko Rahasya

3 - Ma Sanga Euta Sapana Cha

4 - Jeevan Ko Lakshya

5 - Parmeshwor Mitra Hununcha

## १. प्रशस्तताको जीवन

### तपाईंलाई मुक्ति के जस्तो लाग्छ ?

के मुक्ति विगतमा गरिएका पापहरूको क्षमा मात्र हो ? अवश्यै यसै हुनुपर्छ, तर के मुक्ति त्यति मात्र हो ? के स्वर्गमा हुने ईच्छा नै मुक्ति हो ? यसमा पनि केही सत्यता हुनुपर्दछ । मानिसहरूले मुक्तिलाई यी दुई कुराहरूमध्ये एउटामा प्रस्तुत गरेको हामी प्राय जसो सुन्दछौं । तर मेरो विचारमा यहाँ दुई कुराभन्दा अझ बढ्ता महत्वपूर्णको केही छ, तथापि विरलै कसैले यसबारे चर्चा गरेको म पाउँदछु ।

यसको लागि यूहन्ना १०:१० पल्टाऔं र यसलाई हामी आजको प्रवचनको मुख्य पदको रुपमा लिनेछौं । यो पदको अर्थ थोरै बुझे तापनि यूहन्ना सुसमाचार पढ्नेहरुका लागि यो ज्यादै परिचित पद हो । यहाँ प्रभु येशूले भन्नुभयो, "म त तिनीहरूले जीवन पाऊन् र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ ।"

### यो प्रशस्तताको जीवन के हो ?

केही हदसम्म जीवनको सम्बन्धमा हामी केही जान्नेछौं । तर यो प्रशस्तताको जीवन के हो ? यसै सन्दर्भमा प्रभु येशू मुक्तिको बारेमा कुरा गर्दै हुनुहुन्थ्यो । आरुनो जीवन भेडाको लागि दिइएको सम्बन्धमा उहाँ बोल्दैजानुभयो । उहाँले भन्नुभयो, "मेरो मरणको उद्धेश्य (म आउनुको) यो हो कि तिमीहरूमा जीवन होस् र यो जीवन पूर्ण प्रशस्ततामा होस् ।"

अनि यो मुक्तिको केन्द्रको रुपमा आउँछ । एक इसाई हुनुको अर्थ के हुन्छ ? यसले जीवनको गुणसँग सरोकार राख्दछ । यो त्यस्तो प्रकारको जीवनको गुण हो जसलाई हामी प्रशस्त भनी ब्याख्या गर्न सक्छौं । यसैले प्रशस्तताको अर्थ हामीलाई बुरुन आवश्यक छ ।

### उदाहरण (१) कामचलाउ मात्रै

प्रशस्तता के हो ? म बेलायतमा बिधार्थीको रुपमा रहँदा मोटरसाइकल चढ्ने गर्थें । लण्डन ठूलो शहर थियो । गरिब बिधार्थीको लागि यातायात साह्रै महँगो थियो । बाइबल स्कूलको अघिल्लो तहको एक बिधार्थी साथी, जो सुसमाचार प्रचारक भएर जापान जानुभयो, उहाँले सस्तो मूल्यमा आरुनो त्यो मोटरसाइकल मलाई बेच्नुभयो । यो मोटरसाइकल ज्यादै पूरानो र गह्रौं थियो । यस्तो खाल्को मोटरसाइकल चढ्न तपाईं धेरै बलियो हुनुपर्थ्यो । म त्यतिबेला दह्रिलो थिएँ, यदि मोटरसाइकल ढल्थ्यो भने त्यसलाई उठाउन समस्यै पर्थ्यो । जे भए पनि यो उपयोगी थियो किनभने म यसमा धेरै पटक घुमें । धेरै पैसा बचाएँ किनभने यसले कम इन्धन खर्च गर्थ्यो । तापनि यस्तो प्रकारको साधन चढ्न ज्यादै खतरनाक हो । तीन कि चार पटक मैंले आरुनो जीवन झण्डै गुमाएको थिएँ । यस बाहेक बिशेष गरी जुनबेला मसँग बर्षादी हुँदैनथ्यो, पानी पर्थ्यो र म निथ्रुक्क हुन्थें । जाडो मौसममा म बरफ

जस्तै हुन्थें किनकि हावाको बहाव सिधै मतिर हुन्थ्यो । साँच्चै, लण्डनतिर मोटरसाइकल चढ्दा म धेरै मैलिन्थें । कहिलेकाहीं क्याम्पस आइपुग्दा त मेरो अनुहार पूरै कालो हुन्थ्यो तर चश्मा लगाएकोले आँखा वरिपरि दुई भाग सेतो रहन्थे । म एक पाण्डा भालु जस्तै हुन्थें । त्यसैले यो यातायातको साधन सामान्य स्तरको, तर खतरनाक, कहिले रुझ्ने, कहिले कठांग्रिने अनी कहिले यात्राको अन्त्यतिर हाँस उठ्दो खाल्को बनाउने थियो । तर जे भए तापनि यो यातायातको साधन थियो ।

## उदाहरण (२) कठिनले पुग्दो

अनि केही बर्षपछि मैले केही उन्नति गरें । एउटा पूरानो कार किन्ने ब्यवस्था मिलाएँ । जसले गर्दा अब म पानी पर्दा पनि नरुझीकन यात्रा गर्न सक्थें । अब प्रत्येक पटक मोटरसाइकलबाट ओर्लंदा झैं पाण्डा भालु जस्तो देखिन्न थिएँ । कार निश्चय नै मोटरसाइकलभन्दा सुरक्षित थियो । तापनि यसमा केही समस्या थियो : यो धेरै पूरानो र इन्जिन सानो थियो । जब राजमार्ग भएर यात्रा गर्नुपर्थ्यो, कुदाउन खुट्टाले बढी बल लगाउनु पर्थ्यो । जसले गर्दा यसले भतभताउँदै ५५ माइल प्रति घण्टाको गति लिन्थ्यो । यो नै यसको द्रुत गति थियो, अनि यसबेला गाडी यसरी थर्किन्थ्यो कि मानौं हवाइजहाजले विमानस्थल छोड्दैछ । यसैले यी सबै थर्काइ र कोलाहल हटाउन गतिलाई ५० माइल प्रति घण्टामा झार्नु पर्थ्यो । जसको मतलब आरुनो गन्तब्यस्थलमा पुग्न धेरै बेर लगाउनु हुन्थ्यो । यसरी मोटरसाइकलबाट कार हुँदै मेरो जीवनस्तर सुधार भयो । आधारभूत आवश्यकताहरूमा केही सुधार भयो तापनि यो प्रशस्तताको स्तरमा थिएन । यो त खाली पहिलेकोभन्दा अलि राम्रो थियो ।

## उदाहरण (३) प्रशस्तताको नजिक

केही बर्षपछि फेरि मैले आरुनो अवस्था सुदृढ गरें । अर्को कार किन्न सक्ने भएँ । यो कार पनि पूरानो थियो तापनि यसको अवस्था राम्रो अनि यसको इन्जिन पनि ठूलो थियो । यतिबेला सामानहरूले मेरो प्रशंसा गर्दै थिए । म प्रशस्ततातिर बढ्दै थिएँ । अहिलेको इन्जिन शुरुवात थियो जुन प्रशस्त शक्तिको नजिक थियो । यति मात्र होइन, यसैकारण उत्तर जर्मनीबाट दक्षिण जर्मनी (जर्मनीको एक छेऊबाट अर्को छेऊ) झण्डै १२ घण्टामा पार गर्थें । यो जर्मनी राजमार्गमा ७० माइल प्रति घण्टाको ररुतारमा गाडी हाँक्दा पनि इन्जिन धेरै शान्त नै हुन्थ्यो । अनि यो नै प्रशस्तता जस्तै थियो ।

प्रशस्तताको जीवन के हो ? माथि उद्धृत उदाहरणले यसबारे केही चित्रण गर्दछ । तर तपाईंको जीवन कस्तो छ ? के दिनदिनै काम नलाग्ने हुनुहुन्छ ? के तपाईं कठाङ्ग्रिएको, भिजेको हुनुहुन्छ र जसोतसो जिउँदै हुनुहुन्छ ? तपाईं मौसम चिसो हुँदा नकठाङ्ग्रिने र पानी पर्दा नभिज्ने चाहना गर्नुहुन्छ । जीवनमा राम्रोभन्दा राम्रो गुण भएको चाहनुहुन्छ ।

हामी असल गुण भएको जीवन चाहन्छौं

हाम्रो दैनिक जीवनमा गुणी जीवन एकदमै आवश्यक छ। हामी एउटा कुरामा ध्यान दिऊँ : जति कुरा उद्योग बाणीज्यमा भैरहेका छन्, सबै हाम्रो जीवनको गुणलाई सुधार गर्न भैरहेका छन्। यदि यसो नहुँदो हो त यी के का लागि हुँदैछन् ?

एउटा साधारण कुरालाई उदाहरणको रुपमा लिऊँ। आजभोलि तपाईं बिभिन्न धेरै तरिकाले आरुनो खाना बनाउन सक्नुहुन्छ। यो एउटा छक्क लाग्दो कुरो हो। तपाईं खुल्ला चुलो वा ग्याँस चुलो प्रयोग गर्न सक्नुहुन्छ। तब पकाउने धेरै तरिकाहरू छन्, जसमा आगोको ज्वाला समेत हुँदैन। यसैले अब हामी ग्याँस चुलोबाट विद्युतिय प्लेटमा जान्छौं। यसमा बिल्कुलै आगो हुँदैन। यसमा एउटा विद्युतिय प्लेट हुन्छ, जुन तात्दछ र जसलाई तपाईं रातो भएर रन्किएको यथार्थमा देख्न सक्नुहुन्छ। यहाँ एउटा अर्को किसिम छ, जुन रातो समेत हुँदैन। यो अलि खतरनाक हुन्छ। यो तातो छ कि छैन भनि तपाईंलाई थाहा हुँदैन। यदि यसमा हात राख्नुहुन्छ भने उपचार गर्दागर्दै तपाईं खुस्कनुहुन्छ।

यसैले मानिसहरू खाना पकाउने अनेक नयाँ तरिकाहरू बिकास गर्छन्। अचेल एउटा कुकर पाईन्छ, जसलाई इन्डक्सन कुकर भनिन्छ। यस्तो कुकर विल्कुलै तातो हुँदैन। यो नयाँ कुरा गत केही बर्षदेखि मात्र पाउन थालिएको हो। यो निकै महँगो छ। यो इन्डक्सन कुकर विल्कुलै फरक सिद्धान्तमा आधारित छ। यसले स्टील भाँडामा रहेका अणुहरूलाई क्रियाशिल (यो स्टीलको लागि मात्र काम लाग्छ) गर्दछ, जसले गर्दा ताप पैदा हुन्छ। यसको परिणाम स्टील भाँडा तात्छ तर कुकर भने तात्दैन। तपाईंले खाना पकाएर स्टील भाँडा झिक्नुहुन्छ तापनि कुकर भने चिसोको चिसै रहन्छ। बच्चाले यसलाई संजोगबस छोयो भने पनि यसले हात पोल्दैन।

कन्भेक्सन कुकर, माइक्रोवेभ कुकर कस्तो हुन्छ भनी उल्लेख नगरौं। यी सबैले हाम्रो जीवनको गुण सुधार नगर्ने हुँदो हो त यी सबैको अर्थ के भयो र ? तपाईं किन राम्रो कामको खोजी गर्नुहुन्छ ? हामीसँग किन शक्तिशालीभन्दा शक्तिशाली कम्प्यूटरहरू सानोभन्दा सानो आकारमा छन् ? यो हाम्रो सुबिधाको लागि, हाम्रो जीवनको गुण सुधार गर्नको लागि हो।

यदि हामी अरु क्षेत्रहरूको अध्ययन गर्छौं भने, हामी बुझ्छौं कि मानव इतिहासमा जति पनि प्रयासहरू भए ती सबै एक बिशेष सकृय शक्ति गुणी जीवनको खोजीले भयो। हामीसँग किन कान्तीहरू छन्। २०० बर्षभन्दा पनि अघि फ्रान्सेली कान्ती के कारणले भयो ? यो जीवनको आधारभूत तत्व रोटीको आवश्यकताले शुरु भयो। प्रत्येक कान्ती हाम्रो गुणी जीवनको सुधारसित सम्बन्धित छ। चीनमा किन कान्ती भयो ? जनताहरू अत्याचारमा परेका थिए र किसानहरूको आरुनो जमिन थिएन। यसैले जनताहरूको जीवनको गुण सुधार

गर्न क्रान्ती भयो । मानिसहरूले यो लक्ष्य देख्दैनन् भने क्रान्ती धराशयी (खत्तम) हुन्छ । वास्तवमा क्रान्ती कोही पनि खाली क्रान्तीका लागि गर्दैनन्, किनकि यो अर्थहिन छ ।

## इसाईत्वले हाम्रो जीवनको गुणलाई सम्बोधन गर्दछ

इसाईत्वमा विश्वास गर्नु भनेको भविश्यमा स्वर्ग जानु भनेर धेरै मानिसहरू सोच्दछन् । यो सुसमाचारको सानो अंश मात्र हो । बिगतमा गरिएका पापहरूको क्षमासँग इसाईत्व सरोकार राख्दछ भनी धेरै व्यक्तिहरू सोच्दछन् । यो सत्य हो । कारण, बिगतको पापले वर्तमान जीवनको गुणलाई नष्ट गर्दछ । विगतले वर्तमानलाई प्रभाव पार्दछ । यदि तपाईं विगतबाट छुट्नुभएको छैन भने वर्तमानमा खुशीले जीउन सक्नुहुन्न ।

मैले पाष्टरी काम गर्दा धेरै दुःख पाएकाहरूलाई दिनदिनै सहानुभूति गर्नुपर्छ । सायद तपाईं पनि अहिले दुःख पाईरहनु भएको होला । ती कुराहरू के के हुन्, जसले तपाईंलाई दुःख दिइरहेका छन् ? धेरै यस्ता कुराहरू विगतबाट आएका हुन्छन् । जस्तैः दुःख पाएका बाल्यकालबाट वा बिग्रेको वैवाहिक सम्बन्धबाट । यी कुराहरूले तपाईंलाई गहिरो प्रभाव पार्दछ । बिगतले सधैं वर्तमानलाई असर गरिरहेको हुन्छ । यसकारण विगतमा गरिएको पापको क्षमा सुसमाचारको एउटा भाग हो । दोषपूर्ण र बन्धनपूर्ण विगतदेखि मानिसहरूलाई छुट्याउने हो, ताकि वर्तमानमा तपाईंले प्रशस्तताको जीवन पाउनुहोओस् ।

इसाईत्व वर्तमानसँग सरोकार राख्दछ । तपाईंको वर्तमान जीवन कस्तो छ आफूलाई सोध्नुहोस् । यदि तपाईंको जीवन अहिले नै खुशी छ, लक्ष्य र उद्धेश्यहरूले पूर्ण छ, आन्तरिक शक्तिहरूले धनी हुनुहुन्छ भने तपाईंलाई सुसमाचारको आवश्यकता पर्दैन । तपाईंको लागि सुसमाचार के हो ? तपाईंलाई चाहिएको सबै अहिले नै तपाईंसँग छ भने सुसमाचार तपाईंलाई कुनै मूल्यको रहँदैन । येशू भन्नुहुन्छ, “त्यसलाई डाक्टरको आवश्यकता पर्छ जो रोगी छ । निरोगीलाई डाक्टरको आवश्यकता पर्दैन ।” यदि तपाईं आफूलाई स्वस्थ सम्झनुहुन्छ, आफू बिरामी छु भन्ने लाग्दैन भने यो नसोच्नुहोस् कि तपाईंलाई डाक्टर चाहिन्छ ।

येशूले हामीमा प्रशस्तताको जीवन ल्याउन चाहनुहुन्छ । म जान्न चाहन्छु, कति इसाईहरूले जीवनको पूर्णता लिइरहेका छन् ? मेरो विचारमा धेरै कमले मात्र यस्तो आनन्द लिइरहेका छन् र यसो भन्नुमा मेरो गल्ती नहोला । अर्को शब्दमा, धेरै इसाईहरूलाई विचार गर्दा येशूको उद्धेश्य असफल भएको छ । उहाँ भन्नुहुन्छ, “म आएँ ताकि तिमीहरूमा प्रशस्तताको जीवन होस् ।” यसको मतलब हुन्छ, यदि हामीमा प्रशस्तताको जीवन छैन भने उहाँको उद्धेश्य बेकार भयो । अब यदि उहाँ हामीलाई साँच्चै नै पूर्ण र प्रशस्तताको जीवन दिन आउनुभयो र हामी यसमा जिइरहेका छैनौं भने, समस्या के हो ?

## प्रशस्तता असाधारण हो

स्तरीय शब्दकोषले यो प्रशस्तता शब्दको दुई थरी अर्थहरू दिएका छन् । पहिलो परिभाषा अनुसार यसको अर्थ हो असाधारण, असामान्य वा विशेष । त्यसैले यदि तपाईं प्रशस्ततामा जिउँदै हुनुहुनछ भने, तपाईं असामान्य जीवन जिउँदै हुनुहुन्छ, जुन सामान्य छैन । तपाईंको जीवन पनि केही विशेष खाल्को छ । जब मानिसहरूले तपाईंको जीवन हेर्छन्, उनीहरूले भन्नेछन् कि यसमा नपत्याउँदो केही कुरो छ । त्यो पछिल्लो पटक कहिले थियो जुन बेला मानिसहरूले तपाईको इसाई जीवनमा केही विशेष कुरा देखे ? वा उनीहरूले भने : तपाईं इसाई हुनुहुन्छ त केही छैन, म आरुनै बाटोमा ठिक छु । इसाई हुन अघि म यसरी नै अनुभव गर्ने गर्थें । त्यतिबेला म धेरै इसाई भनाउँदाहरूलाई चिन्थें, मैले उनीहरूको जीवनमा खासै केही विशेष कुरा भेटिनँ । जो कोही जस्तै उनीहरू पनि रिसाहा थिए । जो कोही जस्तै उनीहरू पनि खुशीले अभावग्रस्त थिए । त्यस्तो केही कुरा थिएन जसले मेरो ध्यान खिचोस्, मलाई सुसमाचारतिर तानोस् ।

## प्रशस्तता भनेको भरिंदै जानु हो

प्रशस्तता शब्दको दोश्रो परिभाषा अनुसार यसको मतलब प्रचुर वा आवश्यकताभन्दा अधिक हुनु हो । मैले अघि तपाईंलाई देखाएँ कि मोटरसाइकल आवश्यकीय सामान्य वाहन थियो । तर मैले भनेको अन्तिम कार त आवश्यकताभन्दा बढी थियो । यसमा तातो गराउने हिटर थियो, जसलाई जाडोको बेला प्रयोग गर्न सक्थें । यस्तो कुनै पनि तरिका मोटरसाइकलमा पाउन सक्ने थिइनँ । यसैले, जीवन जसोतसोको जीवनभन्दा धेरै माथि, आधारभूत आवश्यकताभन्दा अधिक हुँदै थियो । म सोध्न चाहन्छु : तपाईं इसाई वा अइसाई जे भए तापनि तपाईंको जीवन कस्तो चल्दैछ ? के तपाईं सन्तोषले पूर्ण हुनुहुन्छ ?

केही बर्ष अगाडि मैले चीनको भ्रमण गरें, त्यसबेला मैले मानिसहरूको भित्री खोक्रोपन देखें । एकपटक क्याम्पसमा घरि माथि घरि तल गरिरहेकी एउटी बिधार्थी देखें र मैले उनलाई भनें : “तपाईं धेरै कुरा सोच्दै हुनुहुन्छ ।” अनि उनले भनिन्, “साँच्चै हो, यी सबै पढ्नुको मतलब मलाई थाहा छैन ।” उनी सिधै यो निष्कर्षमा आइन् । म उनीलाई चिन्दिनँ । त्यतिबेला हेलेन र म डुल्दै थियौं । उनी सिधै यो निष्कर्षमा आइन्, यी सबै पढ्नुको मतलब मलाई थाहा छैन। तपाईंले धेरै मिहिनेत गर्नुपर्छ । तर यदि एउटा मात्र उद्धेश्य हुँदो हो त मलाई यसो गर्न कुनै आपत्ति छैन । यदि कुनै अर्थ छैन भने, के भौतिक जीवनको गुणले भित्री मानिसलाई खुशी तुल्याउन सक्छ ?

## हामीलाई भित्री प्रशस्तता चाहिन्छ

प्रशस्तता दुई किसिमका हुन्छन् । एउटालाई बाहिरी प्रशस्तता र अर्कोलाई भित्री प्रशस्तता भनिन्छ । के बाहिरी प्रशस्तताले भित्री आवश्यकता पूरा गर्न सक्छ ? उत्तर स्पष्ट छ कि सक्दैन । अझ कारुणिक अवस्था त्यतिबेला हुन्छ जुनबेला तपाईंसँग न बाहिरी न त

भित्री प्रशस्तता हुन्छ ।

तथापि, त्यस्ताहरू जोसँग बाहिरी प्रशस्तता त छ, तापनि उनीहरू एकदमै निराश हुन सक्छन् । अति दुःखित र शोकित हुन सक्छन् जसलाई तपाईंले कहिल्यै भेट्नु भएको छैन होला । मैले भरखरै क्यानाडाको जीवनका सम्बन्धमा केही तथ्याङ्कहरू पढें । अहिले निश्चय नै क्यानाडामा धेरै मानिसहरूसित बाहिरी प्रशस्तता छ । तर यसको मतलब यो होइन कि सबै करोडपति छन् । जसलाई जे चाहिन्छ सबैसित छ र यो अलिकति बढी नै छ । तापनि, सबभन्दा पछिल्ला तथ्याङ्कहरूले के देखाउँछ भने, क्यानाडामा झण्डै ३० लाख मानिसहरू उदासिनताका कारण कुनै न कुनै प्रकारको उपचार लिँदैछन् । ३० लाख मानिसहरू भन्नुमा मलाई अचम्म लाग्यो । किनकि क्यानाडाको जनसंख्या २ करोड १० कि २० लाख छ । यसको मतलब सात जना मानिसमा एकजना मानिस उदासिनताले ग्रसित छ ।

## बाहिरी प्रशस्तताले सन्तुष्ट दिन सक्दैन

के बाहिरी प्रशस्तताले हृदयको आवश्यकताहरलाई पूरा गर्न सक्छ ? तथ्याङ्कहरूले हाम्रो उत्तर दिन्छन् । भौतिक सरसमानले हृदयलाई सन्तुष्ट पार्न सक्दैन । मैले गरिब मानिसहरूलाई देखेको छु, जोसँग भित्री प्रशस्तता छ, उनीहरू धेरै खुशी छन् । उनीहरूसँग अरु केही छैन, तर उनीहरू खुशी मानिसहरू हुन् (यसले के देखाउँछ भने खुशी र भित्री प्रशस्तताले बाहिरी प्रशस्ततासँग केही सरोकार राख्दैन)। यी कुराहरू बुझ्न धेरै आवश्यक छ । यी सबै जीवनको गुणको कुरा हो ।

जबसम्म मण्डलीले त्यो जीवनको गुण लिएर जीउँदैन जुन येशूले लिएर आउनुभयो, तबसम्म प्रचार गर्ने कुरो सुसन्देश हुँदैन । किन यति थोरै इसाईहरूसँग मात्र यो जीवनको गुण छ ? हुन सक्छ, उनीहरूले यसका आधारभूत अवस्थाहरू बुझेका छैनन् ।

## यो प्रशस्तता कसरी पाउँन सकिन्छ ?

भरखरै जब म मन्ट्रियल फर्किएँ, मैले कार स्टार्ट गर्न सक्दैसकिनँ । तपाईंलाई थाहा नै होला, मेरो यो अति पूरानो कार हो । यो लगभग १८ बर्ष पूरानो हो । मलाई लाग्छ, क्यानाडामा यो फाल्न सुहाउने हो । यो एकबर्षभन्दा अघिदेखि थन्किरहेको थियो र जब मैले साँचो राखेर घुमाएँ, यो स्टार्ट भएन । ब्याट्री पूरै सिद्धिएको थियो । मैले उच्च शिल्पज्ञान प्रयोग गरेर ब्याट्री चार्जको लागि सौर्य शक्ति समेत प्रयोग गरेको थिएँ । उत्पादनकर्ताहरूका दाबी अनुसार यसले प्रति घण्टा लगभग १०० मिलियम्पको लागि ब्याट्री चार्ज गर्न सक्थ्यो । तर यसले यथार्थरुपमा त्यसरी काम गरेन । हुन त मैले छोड्न अघि ब्याट्री राम्रो अवस्थामा थियो तर अहिले पूर्णतः खत्तम भएको छ ।

त्यसैले मैले मिस्त्री बोलाएँ । उसले उसको ब्याट्री प्रयोग गरेर पनि कार स्टार्ट गर्न सकेन । पछि कारलाई बनाउने ठाउँमा पुऱ्याइसकेपछि, यसको समस्या दुई कुरा गरेर ठिक गरियो । पहिलो चाहिं तेल बदलेर किनकि पूरानो तेल ज्यादै बाक्लो र गह्रौं भएकोले इन्जिनलाई घुम्न गाह्रो भइरहेको थियो । अनि दोश्रो चाहिं नयाँ ब्याट्री राखेर किनकि पूरानो ब्याट्री कसैगरी पनि चार्ज गर्न सकिएन । दुई मुख्य परिवर्तनहरू गर्नुपऱ्यो । इन्जिन चल्नलाई रोकावट गर्ने त्यो तेललाई झिकेर नयाँ शक्तिको श्रोत राख्नु परेको थियो ।

मेरो विचारमा धेरै इसाईहरूले यी दुईमध्ये एउटा मात्र गरेका छन् । उनीहरू परमेश्वरमा आए र आरुनो पाप स्वीकार गरे । उनीहरूमा भएका विगतका फोहोर मैलाबाट सफा गरिइए । पूरानो परिवर्तन नगरिकन यो इन्जिन चल्न सक्दैनथ्यो । तर यदि तपाईंसँग नयाँ ब्याट्री छैन भने, त्यो समस्या अझै पनि समाधान हुनेछैन । नयाँ ब्याट्रीले के जनाउँछ ? एउटा नयाँ शक्तिको श्रोत । धेरै इसाईहरूमा यही कुराको अभाव देखिन्छ । प्रभु येशूले भन्नुभयो : म जीवन हुँ (यूहन्ना १४:६) । येशू हामीमा जीवन र शक्तिको श्रोतको रुपमा नआउनुभएसम्म हामी धेरै टाढा चल्न सक्दैनौं ।

## हामीलाई नयाँ शक्तिको श्रोतको आवश्यक छ

म जान्न चाहन्छु कि तपाईंमा जीवनको यो नयाँ श्रोत छ कि ? पावलले कलस्सी ३:४ मा भन्नुभयो : उहाँ हाम्रो जीवन हुनुहुन्छ । येशू हामीलाई असाधारण जीवनको गुण दिन आउनुभयो । यदि हामीले यो जीवनको गुण गुमाउँछौं भने हाम्रो इसाई जीवन धेरै ठूलो संकटमा पर्दैछ । यसको मतलब हुन्छ कि हामीभित्र जीवनको यो नयाँ श्रोत छैन । अथवा यो यति धेरै कमजोर स्थितीमा हुन्छ कि यसले लामो समयसम्मलाई काम दिन सक्दैन ।
हाम्रो जीवन हेरौं । उदाहरणको लागि, के हामीमा आपसी सम्बन्धका समस्याहरू छन् ? इसाईहरू बीचमा मैले एउटा यस्तो बाधक पाएको छु । उदाहरणको लागि, हामी वैवाहिक सम्बन्धलाई लिऔं जहाँ थुप्रै समस्याहरू छन् । यदि तपाईंहरू सँगै बस्नुहुन्छ भने तपाईंहरूका बीचमा निरन्तर समस्याहरू तेर्सिन्छन् । तपाईंभित्र रहेको समस्यालाई यहाँ उल्लेख नगरौं, जुन खाली तपाईंसुँग सरोकार राख्दछ । आफूभित्र यस्ता बिभिन्न समस्याहरू राखेर यस्ता इसाईहरू सब प्रकारका कृयाकलापमा सम्मिलित हुन्छन् । कहिलेकाहीं यीनिहरू मण्डलीको अगुवापनमा समेत संलग्न भएका हुन्छन् । तपाईं देख्न सक्नुहुन्छ कि मण्डलीले कस्ता खाल्का समस्याहरू पाउँदछ । यसैकारण केही विशेषता नभएका कुनै इसाई भेट्नुभयो भने अचम्मित नहुनुहोस् । किनकि बाहुल्यता यीनिहरूकै छ ।

## पूरानो जीवनबाट मुक्त हुन धेरै कठिन छ

तपाईंको जीवनको एकदमै गाह्रो काम पूरानो जीवनबाट मुक्ति पाउनु हो । मेरो कारमा किन ब्याट्री राखी छोडिएको थियो ? मैले ब्याट्रीलाई झिकेर घरमा राखेको भए यो

जाडोमा जम्ने थिएन, तर सत्य यो हो कि मैले त्यसलाई बाहिर झिक्न खोज्दा पनि सकिनँ । यो मैले कसरी झिक्ने भन्ने नजानेर होइन । बिगतमा मैले पटक पटक ब्याट्रीलाई कारबाट बाहिर निकाल्ने गर्थें । तर यसपाली कारमा ब्याट्री यति साह्रो खाँदिएको थियो कि त्यसलाई मैले कुनै उपायले पनि निकाल्न सकिनँ । मेकानिकसँग ग्यारेजमा उपकरण थियो तर मसँग थिएन ।

धेरै इसाईहरूको समस्या पनि यही हो । उनीहरू नयाँ जीवन राख्न पूरानो जीवन निकाल्न सक्दैनन् । तिनीहरूको ईच्छाले कोशिस गर्छन् तर पूरानो जीवन अझै बाँकी हुन्छ ।

यो नयाँ जीवन के हो ? यसको अर्थ त्यस्तो जीवन जीउनु हो, जसमा येशू नै यसको शक्ति हुनुहुन्छ । उहाँले मात्र हामीहरूबाट पूरानो जीवन निकाल्न सक्नुहुन्छ र त्यसको ठाउँमा उहाँको नयाँ जीवनले भर्नुहुन्छ । यो त्यसबेला हुन्छ, जब हामीले उहाँलाई पूर्ण रुपमा आफैले अनुमति दिन्छौं ।

किन हामीले पूरानो जीवनबाट छुटकारा पाउँनुपर्छ? यसकारणले हो कि यो पापमा जिइएको जीवन हो । पापले जीवनका सबै गुणलाई नष्ट पार्छ । यसैले मण्डलीले पापको बिषयमा प्रचार गर्छ । हामी पापबारे कुरा गर्न मन पराउँदैनौं, तर हामीले यो कुरा बुझ्नुपर्छ र यसबारे हामीले सिक्नुपर्छ । जसरी रोगले हाम्रो शारीरिक जीवनलाई नष्ट गर्छ, त्यसरी नै पापले आत्मिक जीवनको गुणलाई नष्ट गर्छ ।

## अत्ति सानो पापले पनि जीवनको गुण नाश गर्दछ

के तपाईंले आरुनो हृदयमा कुनै पाप लुकाइरहनु भएको छ ? एउटा मात्र सानो पापले पनि तपाईंको जीवनको गुण बिनाश गर्छ । उदाहरणको लागि चिन्तालाई लिनुहोस् । चिन्ता यो चीज हो, जसले आज हरेक मानिसलाई प्रभाव पार्दछ । अहिले तपाईं छक्क पर्नुहुन्छ होला । के चिन्ता पाप हो ? यो एउटा पाप हो । किनकि यसले परमेश्वरमा भएको विश्वासको कमि देखाउँछ । एउटा इसाईको लागि परमेश्वरमा भएको विश्वासमा कमि हुनु पाप हो । यदि तपाईंले परमेश्वरमा विश्वास र भरोषा गरेको भए, तपाईं चिन्तित हुनहुनेछैन ।

चिन्ता गर्ने असंख्य कारणहरू छन् । मेरो जागीर के हुन्छ होला ? मेरो स्वास्थ्यमा के हुँदैछ ? के म कार दुर्घटनामा परौंला ? केही उदाहरणको लागि, मानिसहरू सुरक्षा पाउँन कारमा सन्त स्वरुपको देवीदेवता झुण्ड्याउँछन् । चिन्ताले सबै थोक खाइदिन्छ । मानिसहरूको अनुहारमा चिन्ता देख्नलाई तपाईं डाक्टर हुनु पर्दैन । के मेरी केटी साथी भोलि पनि मलाई यस्तै प्रेम गर्लिन् ? के मेरो श्रीमान् मप्रति सधैं विश्वासीलो भइरहनुहोला ? के मेरा नानीहरू असल भएर बढ्लान् ? के तिनीहरूले लागु पदार्थ सेवन गर्लान् ? यदि तिनीहरू समस्यामा

परे भने म के गर्नेछु ? बिधार्थीका लागि, म कुन श्रेणी ल्याउँला ? यदि मैले राम्रो श्रेणी ल्याइनँ भने मेरो भविष्य राम्रो हुनेछैन । चिन्ता र फिक्री । चिन्ताले हामीलाई कसरी खान्छ भनी सम्झँदा पनि आङ सिरिङ्ग हुन्छ ।

चिन्ता मात्र होइन, हाम्रो जीवनमा अरु किसिमका पापहरू पनि छन् । गलाती ५:१८ देखि २१ पदहरूमा उल्लेखित पापहरू हेरौं । ईर्ष्या, फुट र यौन पापहरू । प्रत्येक पाप चाहे त्यो जति सानो होस् त्यसले तपाईंको जीवनको गुण नाश गर्छ । यसकारण पापलाई हटाउन येशू आउनुभयो ।

धार्मिकताले जीवनको गुण ल्याउँछ

मण्डलीले किन धार्मिकताबारे सिकाउँछ ? किनकि धार्मिकता नै त्यो कुरा हो जसले हाम्रो जीवनको गुण ल्याउँछ । ब्यापारी मानिसले समेत यो सिद्धान्तको महत्व महसुस गर्छन् । गएको दिन मुस्कानले ल्याउन सक्ने गुणको बारेमा पढ्दैथिएँ । अवश्य नै, यदि तपाईंसँग जीवनको गुण छैन भने तपाईं मुस्कुराउन सक्नुहुन्न ।

कमसेकम मुस्कुराउनसम्मलाई पनि गाह्रो पर्ला । किन मानिसहरू अरु पसलमा नगई यो पसलमा किनबेच गर्छन् ? भन्ने कुरा यो सर्वेक्षणले बयान गर्दैथियो । के यो पसलमा अरु पसलमाभन्दा बढी सामानहरू छन् भनेर हो ? होइन । सर्वेक्षणले अचम्म किसिमको उत्तर देखायो, फरक चाहीं पसलमा काम गर्न बसेकाहरू थिए, जो ग्राहकलाई मुस्कान दिन्थे । छक्क लाग्दो छ । एउटा मुस्कानले यति प्रभाव पार्छ कि त्यो ग्राहक फेरि फेरि त्यही पसलमा आउँछ । यसबारे केही सोच्नै पर्ने कुरा छ । अर्को शब्दमा भनौं भने, चिजबिज किन्न मात्र मानिसहरू गएनन् । उनीहरू त्यो मुस्कान पाउन पनि इच्छुक भइरहेका थिए । छक्क लाग्दो छ । हाम्रो आत्मिकी गरिबी पनि यस्तो नै छ कि हामीलाई त्यो मुस्कानको आवश्यक छ । पति पत्नीको बीचमा पनि हामी एक अर्काप्रति मुस्काउन बिर्सन्छौं । दिन दिनै एक अर्कालाई देख्छौं, किन मुस्कुराउनुपर्छ ? मुस्कानले के गर्न सक्छ भन्ने कुरा छक्क लाग्दो नै छ । विवाहमा समेत तपाईंले मुस्कानको बन्दोबस्त मिलाउनुपर्छ ।

येशू हामीलाई त्यो जीवनको गुण दिन आउनुभयो ताकि हामी अप्ठ्यारो र जटिल परिस्थितीमा पनि मुस्कुराउन सकौं तथापि हाम्रो अवस्था जतिसुकै नराम्रो किन नहोस् । यो प्रशस्तताको जीवनको पहिलो परीभाषा हो : असाधारण जीवन । यो असाधारण जीवन भनेको के हो ? कसैले पनि मुस्कुराउने कारण नपाउँदा पनि मुस्कुराउन सक्नु नै असाधारणता हो । जब पूरै संसार उदासिनताले हाँस्न सक्दैन, इसाई मुस्कुराउन सक्षम हुनुपर्छ ।

मुस्कान मात्र आनन्दको प्रमाण हो भनेर मैले भनिरहेको होइन । म प्रायः आनन्द महसुस

गर्छु तर म सधैं मुस्कुराउँदिनँ । तर कहिलेकाहीं मुस्कानमा आनन्द आफै देखापर्छ । वास्तवमा केही यस्ता तालिम गरेका मानिसहरू छन् जो सधैं मुस्कुराउन सक्छन् : उनीहरूका अनुहार मुस्कानमै स्थिर हुन्छ । जस्तो कि, पसलका कामदारहरू, उनीहरू तालिम प्राप्त छन् र ग्राहकसुँग मुस्कुराउन पर्ने उनीहरूका आवश्यकता छ । उनीहरूका हृदयमा कुनै आनन्द नहुन सक्छ । येशूमा बाहेक अरु कहाँ साँचो आनन्द पाउन सकिएला ?
हामीलाई शक्ति दिन हामीभित्र येशू आउनुहुन्छ

यसैले जब येशू आउनुहुन्छ, उहाँले हामीलाई जीवन दिनुहुन्छ : हामीभित्र तागत अथवा शक्ति दिनुहुन्छ । यो कुरालाई बयान गर्दा धेरै लामो हुन्छ । तर छोटकरीमा भन्दा यसो भन्न सकिन्छ कि मेरो जीवन जीउँदा म आफ्नो पाइला अन्तै बढाउँछु । म आफ्नो भावनाहरूलाई निकालिदिन्छु: म तुच्छ महसुस गरुँला, म सानो महसुस गरुँला, म चिन्ता गरुँला । म यी सबैलाई पर हटाउँछु । यी सबैलाई म आफ्नो पूरानो जीवनसँग हटाउँछु र येशूलाई राज गर्न दिन्छु । मैले प्रत्येक क्षणमा यो गर्नुपर्दछ । उहाँ मभित्र उहाँकै जीवन जीउँदैहुनुहुन्छ । यदि उहाँले आफ्नो जीवन ममा जीउनुहुन्न भने येशू मेरो जीवन भन्नु निरर्थक छ । उहाँ ममा जीउनको लागि म आफ्नो बाटोबाट हट्नुपर्छ । म मेरो हृदयमा फिकी गरुँला तर फिकी गरेको केहीबेरमै म भन्नेछु : परमेश्वर, माफ गर्नुहोस्, फेरि म तपाईंको बाटोमा आएँ । अब कृपया तपाईंको जीवन ममा जीउनुहोस् ।

म आशा गर्दछु कि तपाईंले जीवनको गुणको महत्वपूर्ण कुरा बुझ्नुहुन्छ । यस्तै प्रशस्तताको जीवन दिन येशू आउनुभयो : म (येशू) आएँ ताकि तिमीहरूमा प्रशस्तताको जीवन होस् ।
म यो पनि आशा गर्दछु कि परमेश्वरको अनुग्रहले यो जीवनको गुण तपाईंको जीवनमा देखिन्छ र तपाईंलाई यसको अनुभव पनि हुनेछ । मानिसहरूले तपाईंलाई देख्दा भन्नेछन् : अहो, यो मानिस त फरक छ !

## २. खुशीको रहस्य

### तपाई इसाई भए तपाईको जीवनको गुण के हो ?

अचेल म जीवनको गुणको बारेमा धेरै सोच्दै रहेको छु। मेरो पहिलो सन्देशमा मैले यो औंल्याएको थिएँ कि जीवनको हरेक कुराहरू जीवनको गुणसित सरोकार राख्दछ । यसमा इसाई बन्ने हाम्रो निर्णय पनि पर्दछ ।

एउटा इसाईद्धारा तलको गवाही सुनाइरहेको कल्पना गर्नुहोस् : म अइसाई हुँदा मेरो जीवन खुशीको थियो । प्रति दिन मेरो हृदयमा आनन्द थियो । मेरो खुशी यति पूर्ण थियो कि म अन्त्यमा एउटा बिन्दुमा पुगें । त्यति बेला मैले अनुभव गरें कि अब दुःखित हुने समय आयो । यसैले मैले इसाई हुने निर्णय गरें ।

मैले यस किसिमको गवाही कहिलै पनि सुनेको छैन । म जान्न चाहन्छु : तपाईंले सुन्नु भएको छ कि ? हुन त हामीले यस्तो एउटा पनि गवाही सुनेका छैनौं तापनि कहिलेकाहीं यस्तो कुनै इसाईहरूमा यथार्थमा भएको पाइन्छ । उनीहरू अइसाई हुँदा खुशी थिए कि थिएनन् त्यो म जान्दिनँ, तर उनीहरू इसाई भएपछि अत्ति दुःखित भएका छन् । हुन त उनीहरू खुशी देखिन अनेक प्रयासहरू गर्छन्, तर यी सबै प्राय असफल देखिन्छन् ।

यसको समस्या के हो ? यहाँ म यो प्रश्न उठाउन चाहन्छु : तपाईंको इसाई जीवनको गुण के हो ? सर्बप्रथम एउटा ब्यक्ति किन ख्रीष्टमा आउन चाहन्छ ? ऊ दुःखित हुन चाहन्छ : यसैले ऊ इसाई हुन चाहन्छ, हो ? हामीहरूमध्ये केहीले इसाई हुनुभन्दा अघि नै थाहा पायौं होला कि इसाई हुनको लागि समर्पणता चाहिन्छ र यो जीवन कठिन छ। तापनि हामीले त्यो धनी जवान शासक जस्तो नहुने निर्णय गर्‍यौं, जसले प्रभु येशूलाई भन्यो, होइन, होइन, मेरो विचारमा तपाईंको चाहना अत्ति नै धेरै छ । तपाईंसँग पछि कुरा गरौंला । यसैले मूल्य चुकाउन पर्ने भए तापनि र पूरा समर्पण गर्नुपर्ने भए तापनि अझ हामी किन इसाई हुन चाहन्छौं ?

### पर्वतारोहीको शाहस

केही बर्षअघि म नेपालमा थिएँ । हवाइजहाज भारतबाट नेपालतर्फ उड्दैथियो, त्यसबेला हवाइजहाजमा भएका सबै हिमाल हेर्न यति धेरै चाहन्थे कि हिमालको एक झलक लिनको लागि पनि प्राय सबै यात्रुहरू जहाजको एकापट्टि झुम्मिएका थिए । यसले गर्दा जहाज उत्तानो पर्दैछ भन्ने मलाई लाग्यो । हिमालको सुन्दरता र भव्यता देखेर सबै अचम्मित भए । हिमालमाथि उडिरहेको तनावग्रस्त केबिनबाट, टाढाबाट हिमाल हेर्न रमाइलो हुन्छ । तर केही मानिसहरूलाई यसरी हिमाल हेरेर पुग्दैन । तब उनीहरू के गर्छन् ? उनीहरू यी हिमालहरू चढ्न नेपाल आउँछन् । उनीहरू जाडो, कष्ट र विश्वास गर्न नसकिने खतरालाई

चुनौति दिन्छन् ।

उनीहरू किन यसो गर्छन् ? उनीहरूमध्ये केही पर्वतारोहीहरू कम उचाइका हिमाल चढेर सन्तुष्ट हुँदैनन् । उनीहरू सर्वोच्च शिखरहरू चढ्न चाहन्छन् । वास्तवमा, उनीहरू आरुनो जीवनको जोखिम उठाउँछन् र धेरैले त हिमाल चढ्ने कममा ज्यानै समेत गुमाउँछन् । हाम्रो जीवनको गुणको परिभाषा सोफामा अडेस लाएर बस्न सक्नु होला । तर पर्वतारोहीहरूका लागि अग्लो उचाइ चढ्नु र संसारलाई टुप्पोबाट निरिक्षण गर्नु हो, चाहे यसको लागि बर्षौंको हिमाल चढ्ने तालिम लिन किन नपरोस्, कि पातलो हावामा स्वासप्रश्वासको कठिन कष्ट सहन किन नपरोस् । यिनीहरूका लागि जीवनको गुण सहज समय होइन : गुणात्मक समय हो । पर्वतारोहीहरूलाई मात्र थाहा हुन्छ : शिखरमा पुग्दा र सारा विश्वलाई आफूमुनि हेर्दाको रोमाञ्चित पल कस्तो हुन्छ भनेर । धेरै बर्षको तालिम यही गौरवपूर्ण क्षणको तयारी थियो । यिनीहरूका लागि जीवनको गुण भनेको जित्नु हो : अपत्यारिलो अचम्मका कुराहरूमाथि बिजय प्राप्त गर्नु हो ।

हुन सक्छ : प्रभु येशू यस्तै किसिमका मानिसहरू खोज्दै हुनुहुन्छ । उहाँ यस्ता खाल्का मानिसहरू खोज्नुहुन्छ जसका लागि जीवनको गुण आरामको कुर्सीमा बस्नु होइन तर आत्मिकी शिखरहरू बिजय गर्ने तत्परता हो ।

## सबै प्रयास जीवनको राम्रो गुण प्राप्तीका लागि

जीवनका हरेक पक्ष जीवनको गुण बारेमा हुन्छ, तर त्यसलाई कसरी बुझिन्छ, त्यसमा भर पर्छ । यदि हामी बिशाल बजार वा डिपार्टमेन्ट स्टोर जान्छौं भने एउटा कपडा पसलपछि अर्को कपडा पसल देख्न सक्छौं । मलाई कहिलेकाहीं अचम्म लाग्छ कसले यति धेरै कपडा किन्छन्, किनकि म आफूसँग भएका लुगाहरू नै धेरै समय टिक्ने हुन्छन् । साँचो भन्ने हो भने धेरै मानिसहरूका लागि त राम्रो लुगा लगाउनु नै जीवनको गुण हो ।

अर्को उदाहरण लिनुहोस् । के तपाईंको घरमा टेलिभिजन सेट छ ? वास्तवमा धेरैसँग टेलिभिजन छ । के तपाईंसँग ब्ल्याक एण्ड ह्वाइट टेलिभिजन छ ? अवश्य छैन होला । यो आजकाल प्राय प्रयोगबाट हटिसकेको छ । म सोध्न चाहन्छु : ब्ल्याक एण्ड ह्वाइट टेलिभिजनमा के खराबी छ ? यदि तपाईंले ब्ल्याक एण्ड ह्वाइट टेलिभिजनमा समाचार हेर्नुहुन्छ भने के गलत समाचार सुन्नुहुन्छ ? के तपाईंको लागि समाचारवाहकले कुन रंगको कपडा लगाएको छ भन्ने हेर्न महत्वपूर्ण छ ? होइन । त्यसो भए किन हामी सबै रंगिन टेलिभिजन किन्छौं त ? हामी रंगिनलाई असल र राम्रो छ भन्छौं । यसले समाचारको गुणसँग धेरै सरोकार राख्छ, जब कि जीवनको गुणसित यसको पूरापूर सम्बन्ध छ । यसैले हामीले जीवनको गुणमा लगातार सुधार गर्नुपर्छ । लाखौं रुपैयाँ लाग्ने अनेकौं वैज्ञानिक अनुसन्धानहरू अझ राम्रो रंगिन र प्राविधिक श्रेष्ठता हासिल गर्न सकिन्छ, जसले गर्दा

उनीहरूले  हाम्रो गोजीबाट बढ्ता पैसा धुत्न सक्छन् ।
किन डाक्टरी अनुसन्धान गरिन्छ ? किनकि हामी क्यान्सर जस्तो बिमारीबाट  उपचार पाउन चाहन्छौं । तर के हामीले कहिल्यै यो प्रश्न गरेका छौं कि क्यान्सर हुनुमा के खराबी छ ? धेरै मानिसहरूलाई क्यान्सर भएपछि के यो ठूलो समस्या भएको छ ? यो प्रश्न सोध्नु मूर्खता जस्तो देखिन्छ : किनकि हाम्रो लागि यो स्वयंसिद्ध हो । हामी धेरैका लागि क्यान्सर हुनु ठूलो समस्या हो,  किनकि क्यान्सरले हामीलाई मार्न सक्छ । हामीलाई थाहा छ,  मृत्युले जीवनको गुण अन्त्य हुने कुरा ब्यक्त गर्छ । हामीमध्ये कति जना त्यसरी जिउन सक्छौं,  जसमा क्यान्सरले हाम्रो जीवनको गुणमा कति पनि असर नपारेको होस् ? धेरै पैसा र जनशक्ति औषधि अनुसन्धानमा लगाइन्छ र जीवनको गुणलाई जीवित राख्ने उपायहरू पत्ता लगाउन कोशिस गरिन्छ । औषधि पसलहरूमा देख्न सकिन्छ,  बिभिन्न प्रकारका दर्द हटाउने तथा खोकीका औषधिहरू । किनकि हामीलाई यो थाहा छ,  दर्द र खोकीले हाम्रो जीवन गुणलाई नष्ट गर्छ र हामीलाई खुशीसाथ जीवन जीउन रोक्छ ।

के परमेश्वर हामीलाई दुःखित भएको चाहनुहुन्छ ?

यसैले यो स्पष्ट छ कि जसरी जीवनको गुण,  जीवनको निम्ति अनिवार्य छ,  उस्तैगरी यो आत्मिक स्तरमा लागू हुन्छ । यसैले हामी छिट्टै परमेश्वरको बुझाइतर्फ नजाऔं । हामी कहिलेकाहीं शंका गर्छौं कि जीवनको गुण सम्बन्धमा उहाँको फरक धारणा छ । हामी सोच्छौं कि उहाँको लागि इसाई जीवन एउटा दुःखित जीवन हो । जति धेरै हामी दुःखित हुन्छौं,  त्यति धेरै आत्मिक हुन्छौं । के यो कुरादेखि तपाईं परिचित हुनुहुन्छ ? अनि हाम्रो कारण यस्तो हुन्छ,  अइसाईहरू मनोरञ्जनबारे कुरा गर्छन् : यसैले कुनै पनि कुराको मनोरञ्जन लिनु संसारिक हो । यसकारण यसको उल्टो सत्य हो : दुःखित हुनु नै आत्मिकी हुनु हो । यसैले खुशी लागेको बेला हामी दोषी महसुस गर्छौं । कारण हामीलाई लाग्दछ कि हामी अनात्मिक कुरामा फस्यौं ।

हामी मठहरूमा सन्यासीहरूलाई देख्छौं । के उनीहरूमा दुःखपूर्ण आध्यात्मिकता छैन ? उनीहरू खस्रो लुगा लगाउँछन्,  ज्यादै साधारण खाना खान्छन् र बिरलै  संसारिक थोक प्रयोग गरि बाँच्छन् । सायद उनीहरूले मौनतामा पनि बस्नुपर्ने हुन्छ,  यसैले मठहरूमा लामो मौनता कायम गरिन्छ । उनीहरू आपसमा समेत कुरा गर्न सक्दैनन् भने,  अनुमान गर्नुहोस् त,  उनीहरू हाँस्छन् भने कति ठूलो सजाय होला ? यस्तो देखिन्छ कि कुनै पनि प्रकारको मनोरञ्जनमाथि रोक छ । यसैले हामीलाई लाग्छ,  उनीहरू दुःख खोज्दैछन् ।

सायद हामीहरूले उनीहरूलाई गलत बुझिरहेका छौं । हिमाली पर्वतारोहीहरू जस्तै उनीहरूले पनि अर्कै किसिमको जीवनको गुणलाई खोज्दैछन् । हिमाल चढ्ने बेला पर्वतारोहीहरूलाई राम्रो राम्रो लुगाहरूको आवश्यकता पर्दैन । पर्वतमा झुण्डिरहेको बेला उनीहरू (केन्टुकी) भुटेको कुखुराको आनन्द लिन सक्दैनन् । त्यसैले उनीहरू जीवनको

सामान्य मनोरञ्जनलाई एकापट्टि पन्छाउँछन्, त्यसबेला उनीहरू आरुनो उद्धेश्यतर्फ कोशिस गर्दै गरेका हुन्छन्, हिमालको चुचुरामा पुग्ने प्रयत्न गर्दै गरेका हुन्छन् । यदि त्यो सन्यासी जसले साँचो रुपमा परमेश्वरमा भएको आनन्द खोज्दैछ भने त्यसले असल गर्दैछ । उसलाई थाहा छ कि ऊ अर्कै किसिमको जीवनको गुणको खोजी गर्दैछ । तर यसको उल्टो, यदि उसले दु:खमा जीएर उद्धार पाइन्छ र मुक्ति प्राप्त गर्ने यही नै एउटा बाटो हो भन्ने ठान्दछ भने ऊ पूरै कुरा बुझ्न चुकेको छ ।

## पावलसँग यो आनन्दको गुण थियो

१ तिमोथी ६:१७ मा प्रेरित पावलले एउटा बिषेश महत्वपूर्ण कुरा भनेका छन्, परमेश्वरले आनन्दको निम्ति प्रशस्त गरी सबै कुराहरू हामीलाई पठाउनुहुन्छ । प्रेरित पावल दु:ख र कष्ट धेरै बुझेका ब्यक्ति थिए । उनी ख्रीष्टका असल सिपाही थिए । यदि तपाईं उनीसित जीउनु भएको भए, तपाईंले उनको जीवनमा यो प्रकारको जीवनको गुण पाउनुहुन्थ्यो । तर हामी आफूमा नि ? हामीलाई चिन्नेहरूले हाम्रो जीवनमा के भेट्छन् ? के उनीहरूका अगाडि जीवनको गुण देखा पर्दछ ? के उनीहरूले हामीमा आत्माको फल भेट्छन् ?

हामी सबैले आत्माको फल जान्दछौं (गलाती ५:२२-२३) । जब हामी नौ प्रकारका आत्माको फल हेर्छौं, तब हामी थाहा पाउँछौं, प्रत्येक गुण जीवनको गुणसँग सरोकार राख्दछ । के यो कुरा हामीलाई स्पष्ट छैन र ? परमेश्वरले हामीलाई पवित्र आत्मा दिनुहुन्छ ताकि हामीले यो विशेष जीवनको गुण पाउन सकौं, प्रेमको न्यानोपन, आनन्दको प्रशस्तता, शान्तिको निश्चयता । साथै धैर्यता र नम्रताका अलवा यी सबै सुन्दर कुराहरू सूचीमा आउँछन् । यसको मतलव : यदि पवित्र आत्माले हाम्रो जीवन भर्नुहुन्छ भने, हामी यस किसिमको जीवनको गुणले जिइरहेका हुनेछौं । यदि हामी सबै कुराले भरिइयौं भने के हामी दुःखित हुन सक्छौं र ? फेरि यो प्रश्नलाई पल्टाउँदा, यदि तपाई दुःखि महशुस गर्नुहुन्छ भने, के आत्माले भरिन तपाईलाई सम्भव छ ? तपाईको आफ्नै जीवन हेर्नुहोस् । आफू रहेको वर्तमान अवस्थालाई हेर्नुहोस् । तपाईको वर्तमान जीवनको गुण कस्तो छ ?

## परमेश्वर हाम्रो खुशीको वास्ता गर्नुहुन्छ

धर्मशास्त्रमा तपाईले जहिंतहिं पाउनु हुनेछ कि परमेश्वरको वास्ता जीवनको गुणसँग सम्बन्धित छ । जब प्रभु येशूले आरुनो सेवाकाइ शुरु गर्नुभयो, ती कुराहरू सिकाउनु भयो, जुन कुराहरूलाई डाँडाको उपदेश भनी हामी राम्ररी जान्दछौं (मत्ती ५:२-११) । चीनियाँ बाइबलले यसलाई आठवटा स्वर्गीय आशिषहरू वा धन्यहरू भन्दछ जबकि त्यहाँ नौवटा वाक्यांशमा धन्य शब्द छ र यीनै नौ गुणहरू आत्माका नौ प्रकारका फलहरू हुन् । अझ चाखलाग्दो कुरा त धन्य शब्दको अर्थ खुशी हो । यसैले डाँडाको पहिलो उपदेशलाई अनुवाद

गर्न सक्छौं : “खुशी हो त्यो मानिस, जो आत्मामा दीन छ।” म चाहन्छु कि यो सधैं यसरी नै अनुवाद गरियोस्, किनकि धेरै मानिसहरूलाई धन्य शब्द खासै केही लाग्दैन । त्यसैले मत्तीमा प्रभुले हामीसँग नौ पटक “त्यो मानिस खुशी हो” भन्नुभएको छ । चाखलाग्दोसँग ध्यान दिनुपर्ने एउटा कुरा के छ भने, प्रभुले आरुनो सेवाकाइ खुशीलाई जोड दिएर शुरु गर्नुभयो । के तपाईं खुशी हुनुहुन्छ ? के म खुशी छु ? यदि छैनौं भने, उहाँको सेवाकाइ अहिलेसम्म हामीसम्म आइपुगेको छैन ।

## शुद्ध हृदय नै खुशीको रहस्य हो

खुशीको रहस्य के हो ? यी पदहरूमध्ये एउटा हेरौं, खुशी त्यो मानिस हो जसको हृदय शुद्ध छ, किनभने उसले परमेश्वरलाई देख्नेछ
(मत्ती ५:८) । हामी यहाँ यो देख्छौं कि यदि हामी हृदयमा शुद्ध छौं भने, परमेश्वरले आरुनो खुशी हामीलाई दिनुहुन्छ र त्यो खुशी परमेश्वरलाई देख्नुमा निहित छ । यो खास पदमा के सिद्धान्त रहेको छ भने, जबसम्म हाम्रो हृदय शुद्ध हुँदैन तबसम्म हाम्रो हृदय अपवित्र रहन्छ । त्यो शुद्ध भन्ने शब्द जसलाई अनुवाद गर्दा पवित्र मानिएको छ, यसको शाब्दिक अर्थ हुन्छ शुद्ध । यदि तपाईंको हृदयमा कुनै प्रकारको अशुद्धता छ भने, तपाईं खुशी हुन सक्नुहुन्न ।

यो सिद्धान्तको कुरा होइन । यो एउटा साधारण अभ्यासको कुरो हो । यदि हाम्रो हृदयमा कुनै प्रकारको कटुता छ र कसैलाई मुटु छेड्ने बोल्छौं भने, वा कसैप्रति हाम्रो हृदयमा डाह छ भने, के हामी अझै आफूलाई खुशीमा पाउन सक्छौं ? अहँ सक्दैनौं । कारण, यो पाप वा अशुद्धताले हाम्रो सम्पूर्ण भित्री मनुष्यलाई दुर्घन्धित बनाइदिन्छ । एउटा सानो उदाहरण लिऔं . लोभ । जबसम्म हाम्रो हृदयमा लोभ हुन्छ, तबसम्म हामी खुशी हुन सक्दैनौं । किनकि हामीसँग जे जति छ, त्यसैमा हामी सन्तुष्ट रहन सक्दैनौं । यस्तै मण्डलीको कसैले राम्रो कार हाँक्दैछ, त्यसको डाह यदि मलाई हुन्छ भने, मैले आरुनो खुशी गुमाएको हुनेछु । म खुशी हुन सक्दिनँ, किनभने मेरो हृदय बिटुलिएको छ, मेरो हृदयमा अपवित्रता छ । यो कुनै अब्यबहारिक सिद्धान्त होइन । यसलाई हामी त्यसरी नै जाँच्न सक्छौं, जसरी प्रयोगशालामा कुनै बस्तु जाँचिन्छ । हाम्रो आफ्नै जीवनको अनुभवबाट यो कुरा थाहा पाउन सक्छौं ।

## आत्मालाई प्रत्येक अशुद्धता खोज्न दिऔं

यसैकारण यदि हामी प्रभुमा खुशी र आनन्द चाहन्छौं भने हामीले परमेश्वरको आत्मालाई सबै अशुद्धता खोज्न दिनैपर्छ । थोरै मात्र अशुद्धताले पनि खुशीलाई चुडेर लैजान्छ । सम्झनुहोस्: हामीले सम्पूर्णतामा जीवन बिताएको परमेश्वर चाहनुहुन्छ । यो हाम्रो आरुनो लागि मात्र होईन, हामी संसारको ज्योति हुन सकौं भन्ने हेतुले हो । तर दुःखको कुरा, कतिपटक हामीसँगै ज्योति हुँदैन, र संसारलाई भएन भनेर किन वास्ता गर्थ्यौं र । हामी कहाँ जाँदैछौं भन्ने बिल्कुलै जान्दैनौं भने को, कहाँ जाँदैछ भनेर वास्ता गर्दै मदत गर्ने त कुरै आउँदैन ।

हामी सबै यसरी बुझ्छौं कि यदि मैले एउटा सुन्तला निचोरें भने त्यसको रस निस्कन्छ। यो सबै बालकलाई समेत थाहा छ। फेरि यही सुन्तलालाई म बल गरी निचोरौंला, तर के यसको सट्टामा स्याउको रस निस्कला र ? वा यसैलाई बिस्तारै नरमपूर्वक गोल्भेंडा, गोल्भेंडा, गोल्भेंडा भन्दै निचोरौंला, तर के यसबाट गोल्भेंडाको रस आउला र ? हामीलाई यसको उत्तर थाहा छ। तर धेरै इसाईहरूमा एउटा हाँसलाग्दो घटना पाइन्छ, यदि तपाईंले उनीहरूलाई बिस्तारै निचोर्नुहुन्छ भने, अलिअलि दबाब दिएर निचोर्नुहुन्छ भने, उनीहरूबाट निस्कने अलिकति भएपनि ख्रीष्टको चेला जस्तो देखिन्छ, झण्डै झण्डै सुन्तलाको रस जस्तो देखिन्छ। तर यदि उनीहरूलाई जीवनले कार दुर्घटनाले जस्तै झट्का दिएर मुक्का दिन्छ भने, तिनीहरूबाट निस्कने कुरा गोलभेंडाको रसभन्दा हजारौं गुणा नराम्रो हुन्छ। तेजाब जस्तै डरलाग्दो हुन्छ।

भोलि बिहान अफिसमा तपाईंको सहकर्मीले अचानक तपाईंमाथि कफि पोखाउनु भयो भने, तपाईंको प्रतिकिया कस्तो हुन्छ होला ? के यो सुन्तलाको रस, गोल्भेंडाको रस वा यीभन्दा खराब होला ? के तपाईं उफ्रेर उसको कठालो समात्दै “एइ, के खोजेको आँखा देख्दैनस् ? हेर्, मेरो सर्ट बरबाद भयो !” भन्नुहुन्छ ? यदि भन्नुहुन्छ भने, तपाईंको सहकर्मीले सोच्नेछ कि तपाईंको मण्डलीले सिंहहरूलाई चेलाको रुपमा तालिम दिंदो रहेछ, वा मण्डलीले चेलाहरूलाई सिंह बनाउँदो रहेछ।

## रसलाई हेरेर हामी आफ्नैबारे सिकौं

यी कुराहरूबाट हामी के सिक्न सक्छौं ? यदि हामी हृदयमा शुद्ध छौं र हाम्रो हृदयमा कुनै प्रकारको अशुद्धता छैन भने, हामीलाई जसरी निचोरे पनि, डरलाग्दो निचोरे पनि, नरमपूर्वक निचोरे पनि हाम्रो प्रतिकृयामा खासै कुनै फरक पर्दैन। यद्यपि हामीसँग थुप्रै आफ्ना बाहानाहरू छन्। यदि हामी आश्चर्यले नबाँधिएको हुँदा हौं त हामीले यसरी प्रतिकृया गरेका हुने थिएनौं। म जान्न चाहन्छु : तपाईं कस्तो प्रतिकृया गर्नुहुन्छ, यदि मैले तपाईंलाई अचानक समातें भने ? एकदिन म नचिन्ने गरी आउँछु र तपाईंलाई धक्का दिएर लडाइदिन्छु : त्यसपछि तपाईं के प्रतिकृया देखाउनुहुन्छ ? के तपाईं भन्नुहुन्छ, “एइ, निहुँ खोज्छस्, आँखा देख्दैनस् ?” सायद तपाईंले मलाई च्याप्प समातेर ३,४ मुक्का हान्न पनि बेर मान्नुहुन्न होला।

यस्तै प्रकारले, हामीभित्र जे छ त्यो परमेश्वरले पत्ता लगाउनुहुन्छ। जब अचानक परमेश्वरले तपाईंलाई एक धक्का दिनुहुन्छ त्यसबेला तपाईंले कस्तो प्रतिकृया देखाउनुहुन्छ, कहिल्यै सोच्नुभएको छ ? तपाईं वास्तवमा कस्तो हुनुहुन्छ भन्ने कुरा तपाईंले अरुहरूलाई कसरी प्रतिकृया गर्नुहुन्छ, त्यसले देखाउँछ।

जब कुनै ब्यक्तिले अचानक तपाईंको विवाहबारे वा छोराछोरीबारे वा तपाईंलाई बाधा दिने वा ब्याकुलमा पार्ने कुनै कुराबारे सोध्छ भने त्यसबेला के हुन्छ ? के तपाईं त्यो बिषयलाई आलटाल गर्ने कोशिस गर्नुहुन्छ ? कि तपाईं एक्कासी त्यो समयलाई सम्झनुहुन्छ, जुन समय कसैलाई अघि नै दिइसक्नुभएको छ र ढिलो भएको छ ? त्यस्ता संवेदनशील कुराहरू के के हुन् : जसको बारेमा हामी कुरा गर्न त के, केही भन्न पनि चाहँदैनौं ? यदि हामीसँग यस्ता जोखिमका बिषयहरू छन् भने अचम्म मान्नु पर्दैन, हामीसित खुशी हुँदैन ।

## परमेश्वर हामी खुशी भएको चाहनुहुन्छ

म अहिले ज्यादै ब्यवहारिक कुरा गर्दैछु । परमेश्वरले हामी खुशी भएको चाहनुहुन्छ । मतलव, तपाईं मात्र खुशी रहन सकून् भनेर होईन, तर यसले सबैलाई प्रभाव गरोस् भनेर हो । तपाईंले कहिल्यै याद गर्नुभएको छ, जब हामी दुःखि हुन्छौं, हामी परिवार अनि मण्डलीमा सबैलाई नै दुःखि बनाउँछौं ? प्रार्थनाको लागि भेला भएको बेला हामीहरू गोलो घेरा भएर बस्छौं, यदि एकजनाको अनुहार मलिन छ, नियाँउरो छ भने, सबैले उसलाई हेर्छन् अनि सबै दुःखि बन्छन् । यसरी दुःखले पूरै मण्डलीलाई असर गर्दछ ।

हामी संसारको ज्योति हुन बोलाइएका हौं । यो धेरै आत्मिकी जस्तो लाग्छ । तथापि आत्मिकता के हो त ? के हामी आत्मिकताबारे परिभाषा बताउन सक्छौं ? आम धारणा यो छ कि एउटा आत्मिक ब्यक्ति त्यो हो, जो बिरामी जस्तो देखिन्छ, जसको ढाड नम्रताले गर्दा कुप्रिएको छ, जसलाई आफूले लगाउने लुगाहरूमा समेत साह्रै कम वास्ता छ, किनभने संसारिक कुराको लागि उसँग समय छैन । ऊ मण्डलीमा पनि गम्भिर रहन्छ । सिमित मात्रामा मात्र हाँस्छ, धेरै हाँस्दैन । किनभने ऊ ठान्दछ कि मण्डलीमा धेरै खुशी हुने बानी उचित होईन । के यहि हो साँचो आत्मिकता ? म विस्वस्त छु, जब हामी प्रभुलाई राम्ररी बुझ्छौं, तब हामी आध्यात्मिकताबारे धेरै मतहरू परिवर्तन गर्छौं ।

## के तपाईंको जीवनगुणले अरुलाई आकर्षित गर्छ ?

हामीले काम गर्ने ठाउँमा, हामीले बाइबल पल्टाइबसेको कारण हाम्रा साथीहरू हामीप्रति आकर्षित हुन्छन् ? के हामीले आरुनो छात्तीमा "म येशूको हुँ" लेखेको बिल्ला लगाएको कारण उनीहरू प्रभुतिर आकर्षित हुन्छन् ? वा हाम्रो जीवनको गुण नै त्यस्तो चीज हो, जसले उनीहरूलाई भन्न लगाउँछ : "अहो, यो मानिस फरक छ ! योसँग प्रेम छ, खुशी छ, शान्ति छ । मलाई थाहा छैन यो के हो, तर यो मानिससँग केही विषेशता छ ।" यस्तो प्रकारको गुणलाई हामीले केही गरिरहनुपर्दैन । यो आफै बोल्दछ, किनकि हामी यसले भरिन्छौं अनि यो आफै हामी भएर बग्दछ । तथापि हामीलाई मानिसहरूले बटार्छन्, मिच्छन् ।

ज-जसले प्रभु येशूलाई चिनेका छन्, उनीहरूले हामीलाई भनून् कि प्रभु कस्तो हुनुहुन्थ्यो,

जसले गर्दा हामी पनि उहाँ जस्तै हुन सक्छौं । येशू कस्तो हुनुहुन्थ्यो ? यो हामी यूहन्ना १:१४ मा पढ्न सक्छौं, हामीले उहाँको महिमा देख्यौं....अनुग्रह र सत्यले पूर्ण । पूर्ण भन्ने शब्दमा ध्यान दिनुहोस् । अनुग्रह चाहिं प्रेमको अर्को अभिब्यक्ति हो । जहाँ प्रेम छ, त्यहाँ अनुग्रह छ । जहाँ अनुग्रह छ, त्यहाँ प्रेम छ । यी दुई छुट्याउन नसकिने कुरा हुन् । अनि सत्य पनि छ, र सत्य सधैं चोखो हुन्छ । सत्य, शुद्धता र चोखोपन पनि नछुटि्टने कुराहरू हुन् ।

किनभने उहाँ अनुग्रह र सत्यले पूर्ण हुनुहुन्छ । उहाँबाट निस्केको रसले हामीलाई कहिले पनि नमिठो स्वाद दिँदैन । भित्र जे कुराले भरिएको हुन्छ बाहिर त्यही निस्कन्छ । यद्यपि, उहाँलाई जाल रचेर समातिन्छ, कुटिन्छ र तिरस्कार गरिन्छ, तापनि उहाँबाट जे निस्क्यो, त्यो अनुग्रह र सत्य नै थियो । यसैले येशूलाई दोहोऱ्याइ - दोहोऱ्याइ अधर्म गरिंदा र दुष्ट्याइँ गरिंदा पनि उहाँले बदला लिनु भएन । यसै गरि प्रेरित पावलले भनेका छन्, "जब हामी श्रापित हुन्छौं, हामी आशिषित हुन्छौं" (१कोरिन्थी ४:१२) । जब तिनीहरूले प्रभु येशूलाई क्रुसमा चढाए, त्यतिबेला पनि उहाँको जीवनको गुण समान थियो:पिता, यिनीहरूलाई क्षमा दिनुहोस् (लूका २३:३४) । जब भालाले उहाँको कोख छेड्यो, रगत र पानी बग्यो, अनुग्रह र सत्यले पूर्ण थियो ।

तपाईंभित्र र मभित्र जे कुरा छ त्यही कुरा बाहिर निस्कन्छ । यसर्थ म प्रार्थना गर्दछु, हामीबाट जे निस्कन्छ, त्यो प्रेरित पावलले भने जस्तै होस् : हामी जीवनको निम्ति जीवनको सुगन्ध हौं (२ कोरिन्थी २:१६) । तपाईंले बाबरीको एउटा पात लिनुहुन्छ र पिस्नुहुन्छ भने, तपाई सुगन्ध पाउनुहुन्छ । तर तपाईंलाई पिस्ने हो भने के आउँछ? अपवित्र प्रतिकृया निस्कन्छ वा प्रभुको उहीं मिठासपूर्ण प्रतिकृया निस्कन्छ ?

## हाम्रो भित्री बोझ याद गरौं

हाम्रो भित्री प्रतिकृयाहरूलाई कसरी जाँच्ने ? सहायताको निम्ति म धेरै ब्यवहारिक बन्न चाहन्छु । जब तपाई घरमा वा आरुनो काममा थकाइ मार्दै हुनुहुन्छ, त्यसबेला तपाई आफैलाई नियाल्नुहोस्, आरुनो तनावपूर्ण शरीर हेर्नुहोस् । किनकि यसले हाम्रो भित्री रसबारे केही कुरा स्पष्ट पार्दछ । जब तपाई तनावग्रस्त हुनुहुन्छ, तपाईंसँग खुशी हुँदैन । कोही मानिसहरू सुत्दा समेत दात किट्ने गर्छन् । तनावका कारणहरू पत्ता लगाउनुहोस् र समाधान गर्नुहोस् । यो कुनै किसिमको चिन्ता हुन सक्छ । उदाहरणको लागि, जब हामीले समूहमा केही कुरा बताउनु पर्ने हुन्छ, त्यसबेला हामीसँग धेरै चिन्ता हुन्छ । हामी चिन्ता गर्छौं : हामीले बोल्ने कुराहरूलाई अरुहरूले कसरी लिने हुन् ? यस्तो लाग्न स्वभाविक छ । अर्कोतिर, यदि हामी समूहमा अथवा मण्डलीमा एक अर्कालाई साँचो प्रेम गर्छौं भने, यो डर र चिन्ता हामीबाट हट्नेछ । डरले चिन्ता उत्पन्न गराउँछ र चिन्ताले तनाव गराउँछ । हामीमा के कारणले तनाव छ ? हामीहरू आफैलाई जाचौं : के हामीमा तनाव छ ?

मान्छेहरूको डरले वा प्रेमको कमिले ?

## हाम्रो जीवन निष्कलंक राखौं

हामीहरू प्रत्येकको जीवनमा विभिन्न प्रकारका दागहरू छन् । हामी हृदयमा शुद्ध हुनको लागि यी सबै दागहरू धोइन आवश्यक छ । यदि एक बोतल पानीमा १% पानी फोहोर छ भने, हामीसँग अझै शुद्ध र सफा एक बोतल पानी छैन । त्यो अशुद्ध १% पानीले पूरै ९९% पानीलाई प्रदुषित पारिदिन्छ । सफा हुनुको औचित्य पूरै सफा हो, नभए यो साँचो सफा हुन सक्दैन । सेतो तन्नाको अलिकति अंश मात्र मैलो छ भने, यसको मतलब हुन्छ, तन्ना सफा छैन, तन्ना कुनै पनि हालतमा सफा होइन ।

त्यो ब्यक्ति खुशी हो, जो हृदयमा शुद्ध छ, भन्ने वाक्यको अर्थ हुन्छ : हृदय पवित्र हुनुपर्छ, यदि कोहि परमेश्वरमा खुशी छ भने, उसको हृदय चोखो हुनु पर्दछ । यसमा कुनै किसिमको दाग, धब्बा हुनु हुँदैन । त्यसैले दाउदले प्रभुसँग यसरी प्रार्थना गरे, हे परमेश्वर मलाई जाँच्नुहोस् र मेरो हृदय बुझ्नुहोस्, मलाई खार्नुहोस् र मेरा भित्री बिचारहरू जान्नुहोस्, र हेर्नुहोस् ममा कुनै दुराचरण छ कि छैन, र मलाई अनन्तको चालमा डोऱ्याउनुहोस्, (भजन संग्रह १३९:२३-२४) । दाउद आफूमा सानो भन्दा सानो पाप अधर्मता छ कि भनी हेर्न चाहन्थे । थोरै भन्दा थोरै अशुद्धता समेत लुकेको नहोस् भनी हेर्न चाहन्थे । किन यस विषयमा दाउद यति धेरै चाँसो राख्छन् ? अलिकति मैलो हुनु, अशुद्ध हुनु त हामीहरू सबैलाई स्वभाविक छ, होईन र ? अनी यस्तो स्वभाविकता १, २, ३ हुँदैन, यदि तपाई खुशी प्राप्त गर्न चाहनुहुन्छ भने । येशूमा जीवनको पूर्णता पाउन चाहनुहुन्छ भने, त्यस्तो हुँदैन । यसैले यो उद्धेश्य राखी हामी परमेश्वर पुकाछौं : मलाई धुनुहोस् प्रभु, ताकि म शुद्ध हुन सकुँ ।

यसैले म उत्साहले प्रार्थना गर्छु कि नयाँ बर्षसँगै तपाईंहरू सबै नयाँ अनुभवमा प्रवेश गर्नुहोस् : पावलले भने जस्तै कि परमेश्वरले आनन्दको निम्ति प्रशस्त गरी सबै कुराहरू हामीलाई पठाउनुहुन्छ । यसैगरी १ कोरिन्थी ११:२८ मा पावल प्रभुभोजको बेला फेरि भन्छन् : हरेकलाई स्वयं जाँच्न देऊ, तर प्रभुभोजमै होईन । उनी थप्दै भन्छन्: कोही बिरामी भए, कोही मरे । अलिकति अशुद्धताले हाम्रो पूरै प्रणालीलाई शारीरिक र आत्मिक रुपमा विषाक्त बनाइदिन्छ ।

त्यसैले आज बेलुकी तपाई सुत्नअघि, परमेश्वरलाई आरुनो हृदय चाहार्न(जाँच्न)दिनुहोस्, अनी तपाई पनि परमेश्वरसँगै आरुनो हृदय चाहार्नुहोस् कि त्यहाँ कुनै किसिमको घृणा, कटुता, तितो, अमिलो वा केही जुन तपाईंले बिर्सनु भएको कुरा होला जो परमेश्वरले झिक्न चाहनुहुन्छ, तपाईंबाट निकाल्न चाहनुहुन्छ । जसले गर्दा, आज रात तपाई राम्ररी सुत्न सक्नुहुन्छ । तपाईंले आरुनो दाँत निद्रामै किट्नु हुनेछैन । तपाईंको हृदय शुद्ध रहोस्, जसले

गर्दा प्रभुमा तपाईंलाई यो खुशी मिल्नेछ ।

## ३. मसँग एउटा सपना छ

मसँग एउटा सपना छ । के यी शब्दहरू तपाईंका लागि नौला छन् ? यी शब्द रेभ.मार्टिन लुथर किंगको लोकप्रीय शब्दहरू थिए । एक अफ्रिकी मूलका अमेरिकी सक्रिय कार्यकर्ताको हैसियतले संयुक्त राज्य अमेरिकामा भएको जातीय रंगभेद र पूर्वाग्रहको बिरुद्धमा यस्तो सशक्त भाषण आरुनो ठूलो भेलामा दिएका थिए । उनले आरुनो सपनाको लागि जीवन दिए । आफ्नै अडिगताको कारण उनको हत्या समेत भयो । के तपाईंसँग सपना छ ? तपाईंको सपना के हो ? के तपाईं आरुनो सपनाको लागि मार्टिन लुथर किंग जस्तै मर्न तयार हुनु भएको छ ? जब म संयुक्त राज्य अमेरिका घुम्छु, म एउटा विशेष कुरा के पाउँछु भने, त्यहाँका धेरै शहरहरूमा मार्टिन लुथर किंग नामाकरण गरेका धेरै सडकहरु छन् । यसले यो देखाउँछ कि उनको सपनाले अमेरिकामा एउटा ठूलो प्रभाव पाऱ्यो । अमेरिकी जनताका बीच उनी एउटा आशाको बिन्दु बनेका छन् । उनको सपनाको परिणाम स्वरुप आज अफ्रिकी मूलका अमेरिकीहरूको धेरे राम्रो स्थिती र प्रतिष्ठा संयुक्त राज्य अमेरिकामा छ । के यो सपना मर्न सुहाउँदो थियो ? यो स्पष्ट देखिन्छ कि त्यो सपना पूरा हुनको लागि उनको मृत्युले एक प्रभावशाली तत्वको रुपमा काम गऱ्यो ।

### तपाईंसँग सपना हुन आवश्यक छ

तपाईंको सपनाले तपाईंको जीवनको दिशा बोध गर्दछ । यदि तपाईंसँग सपना छैन भने यसको मतलब तपाईंको कुनै लक्ष्य छैन । यदि तपाईंको सपना चैं एउटा राम्रो घर र एउटा कार पाउनु हो भने, यी कुराहरू नै तपाईंको जीवनको सबथोक हुनेछ । जब अन्तमा तपाईंले घर र कार पाउनुहुन्छ, त्यसपछि उसो तपाईंसँग सपना हुँदैन । तपाईंको सपना पूरा भएको छ ।

म तपाईंका सुन्दर सुन्दर सपनाहरूका बारेमा कुरा गर्न चाहन्छु र ती निर्दयी यथार्थहरूका बारेमा कुरा गर्न चाहन्छु जसले तपाईंका सपनालाई डरलाग्दो सपनामा परिणत गरिदिन्छ ।

हामी इसाईहरू सपना देख्नेहरू हुनुपर्छ । परमेश्वरले जब हामीलाई पवित्र आत्मा दिनुहुन्छ, तब हामीलाई स्वप्नदर्शी बनाउने प्रतिज्ञा गर्नुहुन्छ । "र त्यसपछि म मेरो आत्मा सबै मानिसहरूमाथि खन्याउनेछु र तिमीहरूका छोराछोरीहरूले भविष्यबाणी कहनेछन्, तिमीहरूका बूढा मानिसहरू स्वप्नदर्शी हुनेछन् र तिमीहरूका तन्नेरीहरूले दर्शन देख्नेछन् "(योएल २:२८, प्रेरित २:१६) । मलाई के कुराले दु:ख दिन्छ भने अति थोरै इसाईहरू सपना वा दर्शन देख्छन् । परमेश्वरले हामीमा सपनाहरू दिनुहुन्छ । एउटा इसाई दर्शन र सपना बीनाको हुन्छ भने त्यतिको उदास लाग्दो र पट्याइ लाग्दो कुरा केही पनि हुँदैन होला । जब मान्छेमा दर्शन हुँदैन, त्यस्तो मानिस मर्दछ भनी बाइबलले भन्दछ ।

## हाम्रा सपनाहरू किन बिफल हुन्छन् ?

हुन त जटिल परिस्थितीहरूका सामनामा सपनाहरू डरलाग्दो सपनामा परिणत हुन्छन् । उदाहरणको लागि आज चीनलाई लिनुहोस् । यो अहिले दर्शनबीनाको देश छ । एक पटक उनीहरूले कम्यूनिष्ट समाजवादी आदर्शको सपना देशको अगाडि राखेका थिए । तर आज यो सपना भत्किएर डरलाग्दो सपनामा परिणत भएको छ ।

जब हामी स्वप्नदर्शी हुन्छौं, हामीले आरुनो सपना साकार पार्न जटिल परिस्थितीहरूलाई स्पष्ट जान्न आवश्यक छ । हामीले आफ्ना खुट्टाहरू नचिप्लियोस् भनी दह्रोसँग जमिनमा राख्नुपर्छ ।

हाम्रा सपनाहरू किन बिफल हुन्छन् ? तिनीहरू यसकारण बिफल हुन्छन् कि तिनीहरू जीवनका जटिल परिस्थितीहरूका सामु टिक्न सक्दैनन् । यसलाई हाम्रो हृदयमा पाप भनिन्छ । पापले सधैं सपनालाई डरलाग्दो (खराब) सपना बनाउँछ । हामी यो आफ्नै अनुभवबाट जान्दछौं । विवाहमा दुलहा र दुलहीले एउटा सुन्दर सपना राखी कुरा गर्न थाल्छन् । तपाईं यिनीहरू एकले अर्कोलाई हेर्ने हेराइमा हेर्नुहोस्, कुरा गर्दा एकले अर्कोलाई दिने मुस्कानमा हेर्नुहोस् त । त्यो मण्डली विवाह, गुञ्जयमान बाजाका संगीत, ती फूलहरू, ती सेतो पहिरनमा सजिएकी दुलही, आरुनो आकर्षक कालो सुटमा सजिएको दुलहा. कस्तो सपना ! एउटा अधिकारीको रुपमा म धेरै विवाहहरू गएको छु, र सधैं प्रार्थना गर्दैछु, मेरो आशा छ, यो सपना पछिसम्म रहोस् । तब अचानक उनीहरू सपनाबाट ब्यूँझिन्छन् र बाझ्न थाल्छन्, झगडा गर्न थाल्छन् । छिटै मेरोमा उही पूरानो दुई मानिस वैवाहिक सल्लाहको लागि आउँदैछन् ।

## सपना कसरी भयंकर सपनामा परिणत हुन्छ ?

के भयो त्यो सुन्दर सपना, जुन अहिले भयंकर सपना भएको छ ? एक पटक धेरै राती एक जोडीले वैवाहिक सल्लाह लिन मलाई फोन गरे । दुई घण्टादेखि म उनीहरूका सपना, जुन अहिले भयंकर सपना भएको छ, सुन्ने प्रयत्न गर्दैथिएँ । ती आफ्ना आँसु थाम्न सकिरहेका थिएनन् । कस्तो नराम्रो सपना !

तर तपाईं चाहिं इसाई जीवन उहिले नै भयंकर सपना भैसक्यो भन्नुहुन्छ । तब जीवनमा सपना देख्नका लागि के बाँकि रह्यो र ? हाम्रा भयानक परमेश्वर जो धार्मिक र पवित्र हुनुहुन्छ, उहाँ हाम्रा सबै चाहहरू हेर्दै हुनुहुन्छ, र हामी जतिखेर चुक्छौं, त्यतिखेर दण्ड दिनका लागि उहाँ तयार हुनुहुन्छ । प्रत्येक दिन हामी पापसँग धेरै संघर्ष गर्छौं । धेरैमा हाम्रो सफलता छैन । यदि यो भयंकर सपना भैसकेको छैन भने पनि हाम्रो टाउको दुखाउन अलिकति भए पनि काफी छ । दिनको अन्त्यसँगै हामी घिस्रँदै प्रभुकोमा जानुपर्छ र दोहोऱ्याइ तेहऱ्याइ भन्नुपर्छ, "मलाई माफ गर्नुहोस्, मलाई माफ गर्नुहोस्, मलाई माफ गर्नुहोस् ।" यो

देखिन्छ कि हाम्रो पूरै इसाई जीवनमा हामी दुःखी छौं । यसर्थ, जब गएको दुई वटा प्रवचनबाट फिलिप्पी ४:४ र १ तिमोथी ६:१७ पढ्छौं, जहाँ पावल खुशी र परमेश्वर जो हामीलाई आनन्दको लागि प्रशस्तसँग सबै थोक दिनुहुन्छ, को बारेमा चर्चा गर्दैछन्, त्यहाँ एउटा भिन्दै इसाईत्व देखिन्छ, जसको बारेमा हामी केही पनि जान्दैनौं ।

पापले हाम्रा सपनाहरू नष्ट गर्छ

हाम्रा सपनाहरू बिगार्ने कुरो पापको क्षमता हो । जब हामी पाप भन्ने शब्द देख्छौं, हामीले यसलाई यो दृष्टिले हेर्नु हुँदैन कि परमेश्वर हामीलाई सँधैं पापी छौ भनी दोष्याउन चाहनुहुन्छ र हामीलाई नरकको डर र भयावहले अत्याउन चाहनुहुन्छ । कहिलेकाहीं हामी परमेश्वरलाई आफ्नो बुबा जस्तै चित्रण गर्छौं, जो धेरै कठोर र कुरो नबुझ्ने हुनुहुन्छ, तर परमेश्वर त्यस्तो हुनुहुन्न । बरु यसलाई हामीले यसरी हेर्नुपर्छ कि परमेश्वरको प्रेम हाम्रो लागि छ र उहाँ हामीलाई पापबाट बचाउन चाहनुहुन्छ । उहाँ हामीलाई उहाँको प्रेम बुझेको चाहनुहुन्छ र प्रेमसाथ भन्नुहुन्छ, "म तिमीलाई प्रेम गर्छु, म तिमीलाई तिम्रो लागि आफ्नो प्रेमबारे बताउन चाहन्छु ।"

पापले हाम्रो जीवनको गुण नष्ट गर्छ । छोटो समयको लागि आनन्द दिएर भए तापनि पापले तपाईंको आनन्द खोसी लैजानेछ (हिब्रू ११:२५)। यदि पापले हामीलाई केही आनन्द नदिने भए कसैले पाप गर्दैनथे । मानिसहरू काम गर्छन् किनकि उनीहरू अलि राम्रो जीवनको गुणको अपेक्षा गर्छन् । यसैले, यदि पापले अलिकति भए पनि केही समयको लागि आनन्द दिन्छ भने किन नगर्ने ? तर तपाईंले पछि हुने परिणामहरूलाई पनि विचार गर्नुपर्छ । तपाईं लामो समयको खुशी चाहनुहुन्छ, छोटो समयको आनन्द होईन । किनकि केही पाएर रमाउनको लागि धेरै मान्छेहरू भण्डार र पसलहरूबाट चोर्छन् । क्यानाडामा मात्रै पसल चोरी बर्षेनी २.४ खर्ब डलर हुन्छ । के तपाईं यो कल्पना गर्न सक्नुहुन्छ ? हामीले दश लाख डलरको कुरा गरिरहेका छैनौं । हामी सय करोड डलरबारे कुरा गरिरहेका छैनौं । हामी २.४ खर्ब डलरबारे कुरा गरिरहेका छौं । एक खर्बमा ९ वटा शून्य हुन्छ । यसले दिमाग खियाउँछ । यो औसतमा क्यानाडाका प्रति लोग्नेमान्छे, स्वास्नीमान्छे र केटाकेटीलाई ८३ डलर पर्छ । यसको अर्थ यो हुन्छ कि अरुहरूले चोरेको सामानको क्षति तपाईं र मैले बर्षेनी ८३ डलरभन्दा बढी (किनकि धेरै केटाकेटीले तिर्दैनन्) तिरिरहेका छौं । त्यसैले पाप भनेको हामीले मण्डलीमा कुरा गरेका बस्तु मात्र होईन । पाप भनेको यी राम्रा क्यानाडाको पसलमा गरेको चोरी हुन्, जसको खातिर हामीले तिर्नु पर्दैछ । केही पसल चोरहरू पकाउ परेर आफ्नो नाम अपराधी रेकर्डमा चढाइ उनीहरूको भविष्य नाश गरेका छन् । जसको फलस्वरुप उनीहरूको भविष्य बरबाद भएको छ । यस प्रकारको पापले हरेक ब्यक्तिको सपनालाई डरलाग्दो सपनामा परिणत गर्छ ।

पापले विवाहहरू बिच्छेद गराइदिन्छ । बिच्छेद भएका विवाहहरूले दुई जोडीमा, केटाकेटीमा र परिवारमा दुःख ल्याउँछ । कसैको विवाह किन बिच्छेद हुन्छ ? यो स्वार्थीपन, जिध्दी प्रवृति

वा कुनै पापको प्रकार हो, जसले बिच्छेद गराउँछ। ती दम्पति जसको मैले अगाडि उल्लेख गरें, जसमा श्रीमति चाहिं दुई घण्टाभन्दा बढी रोइन्, त्यहाँ श्रीमानले दोहोऱ्याउदै दाबी गऱ्यो, "मसँग अधिकार छ, म श्रीमान् हुँ, त्यसैले मसँग अधिकार छ।" म त्यो वाक्यांश सुनेर थाकें। यसैंले मैले समस्या कहाँ छ भनी उसलाई भनें। उसको नपत्याउँदो त्यो स्वार्थपनमा, उसको दृष्टिमा श्रीमतिको कुनै अधिकार छैन। म यस प्रकारको मानसिकता बुझ्दिनँ, जहाँ श्रीमान् र श्रीमति आरुना अधिकारलाई लिएर झगडा गर्छन्।

## यो सपना के हो ?

यो सपना के हो ? म धेरै ब्यवहारिक ब्यक्ति हुँ। जब हामी मण्डली भवन खडा गर्नेबारे कुरा गर्छौं, हामीसँग एउटा सपना, एउटा धारणा हुनुपर्छ। यो सत्य हो कि हामी सँगसँगै काम गर्नुपर्छ, तर के को लागि ? यदि हामी सुन्दर बनावट बनाउन चाहन्छौं भने हामीले आरुनो दिमागमा त्यो बनौट देख्न सक्नुपर्छ। हाम्रो हृदयमा एउटा स्पष्ट धारणा हुनुपर्छ।

एउटा नयाँ समाजको रुपमा मण्डली बनाउन हामी बोलाइएका छौं। दुर्भाग्यवश आज, जब हामी मण्डलीबारे सोच्दछौं, हामी एउटा भवनबारे सोच्दछौं वा मानिसहरूको एउटा ठूलो वा सानो समूह सोच्दछौं। तर हामी मण्डलीलाई परमेश्वरबाट योजना गरिएको एउटा नयाँ समाजको रुपमा सोच्दैनौं।

उदाहरणको लागि हामी चीनलाई हेर्छौं। हामी देख्छौं कि चीनसँग बिल्कुलै एउटा नयाँ समाजको सपना छैन। यदि चीनसँग सपना छैन भने, त्यो बिलाउने छ। यदि हामी चीनलाई वास्ता गर्छौं भने हामीले चीनमा एउटा सपना ल्याउनु पर्छ। मैले बिभिन्न पटक चीनमा भ्रमण गर्दा, मेरो हृदय धेरै भारी भयो। चीनमा दिशाबोध छैन, बिशेषगरी यूवाहरूको बीचमा, जसमा अझै केही आदर्श बाँकि नै छ। त्यहाँ मैले धेरै बिधार्थीहरूसँग कुराकानी गरें। उनीहरूलाई लागीरहेको छ कि पढाइको भविष्य छैन। पढेर फाइदा छैन।

त्यहाँ बिभिन्न कारणले गर्दा भविष्य छैन। पहिलो कारण, जवानहरूले चीनमा कुनै आरुनो लक्ष्य पाउँदैनन्। उनीहरू कता गइरहेका छन् भनी जनताहरू जान्दैनन्। दोश्रो, डिग्री पास गर्नेले पर्याप्त पैसा कमाउँन सक्दैन। सानोतिनो ब्यापार गर्ने वा सडकमा टिसर्ट बेच्नेले बढी पैसा कमाउँछ। तर डिग्री गर्नेले पैसा कमाउँन सक्दैन। तब पढेको मतलब के भयो ?

यसबाहेक, देशको वास्ता गरेर केही गर्ने कोहि पनि देखिंदैन। बाँकि रहेको जे जति सपना छ, बढ्दो भ्रष्टाचारले त्यसलाई पनि खत्तम पारिदिन्छ। हुन सक्छ अतितमा यी

कम्यूनिष्टहरूसँग एउटा नयाँ समाज सृजना गर्ने कुनै किसिमको सपना थियो । तर उनीहरूले यो सपना गुमाएका छन् । सबै जनाले आफ्ना ओहदामा रही धन कमाउँन प्रयोग गर्दैछन् । यदि यस्तै गर्दै जाने हो भने, तपाईंलाई थाहा छ यो चीन देशको अवस्था के हुन्छ ।

हामी बिदेशमा बस्छौं र भन्छौं, "हामीले गर्न सक्ने त्यहाँ केही छैन ।" साँच्चै यदि हामीसँग सपना छ भने, हामी त्यहाँ केही कुरा गर्न सक्छौं । त्यसकारण मैले भनें कि परमेश्वर त्यो परमेश्वर हुनुहुन्छ, जसले सपनाहरू दिनुहुन्छ । योएल दुई अध्याय (प्रेरित २ अध्यायमा उदृत गरिएको छ) त्यो आत्माको खन्याइले पेन्तिकोसमा पूरा भयो ।

के तपाईंले दर्शन पाउनुभएको छ ?

के तपाईंले त्यो आत्मा पाउनुभएको छ, के तपाईंले त्यो दर्शन पाउनुभएको छ, जसको कारण, तपाईं सबै प्रकारका दु:खकष्ट सहनसक्नुहुन्छ ? एउटा इसाई दर्शनको यो महत्वपूर्ण कुरा हो । एक इसाईले ती सबै जटिल परिस्थितीहरूलाई जान्दछ र ती सबैलाई जित्नको लागि निरन्तर लागीरहन्छ । जब एउटा इसाई प्रत्येक पटक कुनै प्रकारको समस्यामा जकडिएर ढल्छ भने, हामी जान्दछौं कि उनीसँग दर्शन छैन । तर दूर्भाग्यवश, यस्ताहरू मण्डलीमा अत्ति धेरै हुन्छन् । खीष्टको सिपाही हुन र जस्तोसुकै कष्ट सहनको निम्ति तपाईंसँग यस्तो सपना हुनुपर्छ, जसको लागि तपाईं मर्न समेत तयार हुनुहुन्छ ।

म प्रार्थना गर्छु कि परमेश्वरको आत्मा तपाईंमा आउनुहुन्छ र तपाईंमा यो सपना हुनेछ । तपाईंलाई कष्ट हुनेछ किनकि पाप र पापको पक्ष लाग्नेहरू तपाईं जतासुकै गए तापनि तपाईंको बिरोध गर्नेछन् । जब तपाईं सपना पाउनुहुन्छ, यसको निम्ति तयार हुनुहोस् । तपाईंका केही ठूला शत्रुहरू इसाई नै हुन सक्छन् । अनि यो तपाईंको जीवनको निम्ति ठूलो आघात हुन सक्छ किनकि जोसँग सपनाहरू हुन्छ, उनीहरूलाई सपना नहुनेहरूद्धारा सधैं बिरोध गरिन्छ । उनीहरू तपाईंको खिल्ली गर्नेछन्, बिरोध गर्नेछन् । पूरानो नियममा, जोसेफ एउटा महान स्वप्नदर्शी थिए । उसको आरुनै सपनाको कारण, उसका आफ्नै दाजुभाइले उनलाई मार्न खोजे । परमेश्वरको हस्तक्षेपले मात्र उनको जीवन बचायो । अचम्म लाग्छ, होईन त ?

कम्यूनिष्टहरूसँग एउटा सपना बाँकि नै थियो, यो कुरा धेरै अघिको हो । उनीहरू लामो हिंडाइ गर्न समेत इच्छुक थिए । उनीहरूले सबै किसिमका कष्टहरू सहे । यस सपनाको खातिर धेरै जना मरे । तर आज यो सपना बिलायो । कोही पनि केही कुराको निम्ति कति पनि सताइन चाहँदैनन् । अहिले भ्रष्टाचारको लागि समय छ । एवं प्रकारले, जब मण्डलीसँग सपना छैन, त्यहाँ पनि भ्रष्टाचार हुन्छ । त्यहाँ प्रेमको कमि हुन्छ । त्यहाँ सत्यको समेत बिरोध हुन्छ । यो एउटा तीतो सत्य हो, जुन सपना देख्ने प्रत्येकको लागि चुनौति हो ।

## पापको शक्ति

संसारमा पाप छ । पापको शक्ति कति डरलाग्दो छ । भरखरै समाचारमा सुनें कि एउटा छोरोले आफ्ना बाबु आमालाई मार्नलाई एउटा हत्यारालाई भाडामा लियो किनभने ऊ पैतृक सम्पति लिन चाहन्थ्यो । ऊ आमा बाबुको सम्पतिले पापमा सुखको आनन्द लिन चाहन्थ्यो । तर यो सम्पति मोज गर्न ऊ धेरै समयसम्म बाँचिरहनेछैन, किनभने अब ऊ आरुनो जीवनको लामो समय बिताउन जेलमा गइरहेको छ । त्यहाँ उसले आरुनो हत्याको बारेमा सोच्दै धेरै समय बिताउँनेछ । उसको स्वार्थपनको मोहको शक्तिले आरुनो आमा बाबु समेत बाँकि राखेन । हाम्रो सपना साकार हुनको लागि बाबुआमा र छोराछोरीबीच प्रेम र सम्मान हुनु नितान्त आवश्यक छ । यो एउटा महत्वपूर्ण सिद्धान्त पनि हो । तर पापले हरेक सिद्धान्त र जीवनको गुणलाई नष्ट गर्छ । के तपाईंलाई लाग्छ कि बाइबलमा पाप मात्रै एक धार्मिक धारणाको रुपमा रहेको छ ? होईन, यो त जीवनको एउटा यथार्थ हो, छोराछोरी बाबुआमालाई मार्दैछन्, बाबुआमा छोराछोरीलाई मार्दैछन् । यो डरलाग्दो स्थिती हो ।

त्यसकारण, एउटा सपना बनाउन हामीमा पापलाई जीत्ने क्षमता हुनुपर्छ । हामीले सर्वप्रथम पापलाई जितेको हुनुपर्छ, किनकि हामी प्रत्येकभित्र पाप हुन्छ। हामी धेरै ब्यबहारिक बनौं । यदि हामी आरुनै वैवाहिक जीवनको कुरा मिलाउन सक्दैनौं भने, कसरी एउटा वास्तविक सपना बनाउन सक्छौं र ? मलाई धेरै वैवाहिक जीवनहरू थाहा छैन जसमा सबै कुराहरू मिलेको होस् । धेरै जोडीहरूका लागि यो सधैंको एक बेचैनी हो । यदि हाम्रो विवाह पिडा बाहेक केही होइन भने, त्यहाँ कसरी एउटा सुन्दर सपनाको लागि आनन्द हुन सक्छ ? यदि वैवाहिक समस्यालाई जित्नको लागि परमेश्वरको शक्ति काफी छैन भने, कहाँ त्यो शक्ति एउटा नयाँ समाजको स्थापना गर्न प्रयाप्त होला र ? हामी सबै बकबास मात्र गर्दछौं ।

म एउटा सपनादर्शी हुँ तर म एक यथार्थवादी पनि हुँ । अगाडि तेर्सिएका कठिनाइहरूका सम्बन्धमा मसित कुनै भ्रम छैन । हामी समस्याको जरा पाप हो भनी जान्दछौं, तापनि यसलाई जित्न सक्ने शक्ति हामीसित छ ।

## हाम्रो सपनामा रहेका कुराहरू

हाम्रो सपना के हो ? सपनाभित्र रहेका कुराहरू म एकचोटी हेर्न चाहन्छु । यो नयाँ समाजको सिद्धान्त के हो ? हामी सँगसँगै बनाउँदैछौं भनेको के हो ? हामी रोमी १५:१-५ मा पाइने धेरै आधारभूत र प्रारम्भिक सिद्धान्तबाट शुरु गरौं ।

अब हामी बलियाहरूले निर्धाहरूका निर्बलतालाई सहनु पर्दछ, आफ्ना खुशी मात्र गर्नु हुँदैन । हामी हरेकले आरुनो छिमेकीलाई उसको भलाइको निम्ति सुधार्नलाई खुश तुल्याउनु पर्छ । किनकि खीष्टले पनि आफैलाई खुश तुल्याउनु भएन, तर जसो लेखिएको छ, "तपाईंलाई गाली गर्नेहरूका गाली ममाथि पऱ्यो । "किनकि जत्ति कुरा अघि लेखिए, ती सबै हाम्रो

शिक्षाको निम्ति हो, कि धिरज र धर्मशास्त्रको शक्तिद्वारा हामीलाई आशा होस् । अब धिरज र शान्तिका परमेश्वरले तपाईंहरूलाई खीष्ट येशूका अनुसार आपसमा एउटै मन दिऊन् ।

म यो परिच्छेदमा खुश तुल्याउनु भन्ने शब्दको प्रयोग लेखेर राख्नुहोस् भन्न चाहन्छु । यो पहिलो पदमा देखा परेको छ , आफैलाई खुश नतुल्याउनु र दोश्रो पदमा हामी हरेकले आरुनो छिमेकीलाई खुश तुल्याउनु र तेश्रो पदमा खीष्टले आफैलाई खुश तुल्याउनु भएन । त्यसपछि ४ र ५ पदमा प्रोत्साहन भन्ने शब्द आउँछ । यसले यो बुझ्न मदत गर्छ कि एक अर्कालाई खुश तुल्याउनु चाहीं अरुलाई प्रोत्साहन दिनु र अरुको जीवन बनाउनु हो ।

अब हामी एउटा समाजको चित्रण गरौं, जहाँ मानिसहरू आफैलाई खुशी तुल्याउनु होइन, तर सधैं अरुलाई कसरी उत्साह दिने र अरुलाई कसरी बनाउने भन्नेबारे सोच्दछन् ।

### हाम्रो विवाहमा यो लागू गरौं

हाम्रो विवाहमा यसलाई प्रयोग गर्ने कोशिस मात्र गर्नुहोस् । विवाहहरू किन बिच्छेद हुन्छन् ? एउटा विवाह जुन थालनीमा एकदम राम्रो थियो, बितेको बखत पनि राम्रो थियो, हनीमूनको बेला पनि राम्रै भएको विवाह कसरी बिग्रन्छ, कसरी नराम्रो हुन्छ ? उत्तर एकदम सरल छ । यसको रहस्य चाहिं सरल छ र साँचो छ । हामीले यो सोच्नु हुँदैन कि सत्यता चाहिं सत्य बन्नको लागि धेरै जटिल हुनुपर्छ । सत्यको बारेमा ठूलो कुरा चाहिं यो छ कि यो धेरै साधारण भैकन पनि लागू गर्न कठिन हुन्छ ।

तपाईं देख्नुहुन्छ, विवाह अगाडि हामी अरुलाई खुश तुल्याउन खोज्दै थियौं । हामी सोधीरहन्थ्यौं, : तपाईं के गर्न चाहनुहुन्छ ? तपाईंलाई कहाँ जान मन लाग्छ ? के हामी यो किनौं ? तपाईं यो मन पराउनुहुन्छ कि त्यो मन पराउनुहुन्छ ? दुवै पतिपत्नी  एकअर्कालाई खुश तुल्याउन प्रयत्न गर्छन् । आहा, कति राम्रो हुन्छ जब तपाईंहरू गीर्जाघरको सिंढीबाट सँगसँगै ओर्लनुहुन्छ ?

तर विवाहपश्चात के हुन्छ ? विवाहको रमाइला केही समय पश्चात नै एउटा आधारभूत परिवर्तन सिद्धान्तमा देखापर्न थाल्दछ । "अब तिमीले मलाई खुशी तुल्याउनैपर्छ !" प्रत्येक मानव सम्बन्ध यस्तै आधारमा टुट्दछन् । बाबुआमा र छोराछोरीका बीचमा पनि यस्तै नियम लागू हुन्छ । यसलाई हामी एउटा मिठो नामले पुकार्छौं. हजूरबालाई बाले, बालाई छोराले । तर समस्या स्पष्टसँग सिधै अगाडि छ । आमाबाबु जोड दिन्छन् कि उनीहरू आमाबाबु हुन्, यसैले छोराछोरीले उनीहरूलाई खुशी तुल्याउनुपर्छ । अर्कोतिर छोराछोरी भने, यदि तपाईंहरू मलाई खुशी बनाउनुहुन्न भने म तपाईंहरूलाई  किन खुशी तुल्याउने ? भनी सोच्दछन् । यसरी नै मानव सम्बन्धहरू तनावपूर्ण हुने गर्छन् ।

यदि हामी एकअर्कालाई खुशी तुल्याउने सिद्धान्त पछ्याउछौं भने के हुन्छ ? जब एक जोडीले विवाह गर्छन्, उनीहरूले एकै प्रकारको साझा सपना राख्नुपर्छ । यदि त्यो सपना सँगसँगै एकपल खुशी क्षण बिताउनु मात्र केन्द्रित छ भने, यो सपनामा खासै केही छैन । तर यदि उनीहरू उस्तै लक्ष्य र दिशा राख्छन् भने, त्यसपछि उनीहरू परमेश्वरका लागि केही काम पूरा गर्न गइरहेका छन् । अनी यस्तो विवाहमा लक्ष्य र सपना दुवै हुन्छन् । तर यो दुवैको लक्ष्य हुनुपर्छ । यदि एकजनासँग यस्तो सपना छ र अर्कोसँग छैन भने यसले काम गर्दैन । खुश तुल्याउनु भनेको अरुलाई झूठा प्रशंसा गर्नु होइन । उनीहरूलाई सुन्न मन लाग्ने कुराहरू उनीहरूलाई खुशी तुल्याउने कुराहरू होइनन् । समान लक्ष्यमा अगाडि बढ्न एकले अर्कोलाई प्रोत्साहन दिनु हो, साहस दिनु हो ।

## मण्डलीमा उस्तै समस्या

यसरी नै मण्डलीमा उस्तै समस्याको उदय हुन्छ । हामी एकअर्कामा आशाहरू राख्छौं । हामी अपेक्षा गर्छौं कि तपाईं एउटा इसाई भएकोले तपाईं बढी जान्ने हुनुपर्छ, तपाईंले यो गर्नुपर्छ, त्यो गर्नुपर्छ । तपाईं त्यति आत्मिकी हुनुहुन्न । तपाईं मेरो बुझाइको परमेश्वरको स्तरमा आउनुहुन्न । यस्तो आशाको परिणाम स्वरुप, हामी एकअर्कालाई दबाव दिन्छौं ।

वास्तवमा सपनाहरू मानिसहरूलाई प्रोत्साहन दिनु हो । जहाँ एउटा सपना हुन्छ, मानिसहरू यसैमा खिचिन्छन् । तपाईंले उनीहरूलाई ठेल्नु पर्दैन । प्रेरित भएपछि उनीहरू आफै मन लगाएर काम गर्छन् । तर जब सपना बिलाउँछ, तपाईं उनीहरूलाई गाली गर्नुहोस्, तापनि फाइदा छैन । गालीले त समस्यालाई झन् खराब बनाउँछ ।

बेसबलको एउटा समूहको म एक प्रशिक्षक थिएँ । एक प्रशिक्षक भएर तपाईंले खेलाडीहरूलाई धक्का दिनुपर्छ, कि त प्रोत्साहन दिनुपर्छ । अझ राम्रो गरोस् भनी अगाडि बढाउन या त तपाईंले उनीहरूलाई चिच्याउनुपर्छ, वा तपाईंले "प्रयास नराम्रो थिएन र म जान्दछु कि तिमीहरू अझ राम्रो गर्न सक्छौ" भन्न सक्नुपर्छ । तपाईंले उनीहरूका अगाडि लक्ष्य देखाइ त्यसमा पुग्न प्रोत्साहन दिनुपर्छ । यो एक भिन्दै तरिका हो र प्रोत्साहनमा हुने शक्ति साँच्चै अनौठो छ ।

ब्यक्तिगत रुपले म आफैले यसबारे बढी सिक्नुपर्छ । प्रशंसा दिनमा म धेरै कन्जुस ब्यक्ति हुँ । गएको साल मण्डली सेवा पश्चात्, जब मैले एकजना सहकर्मीलाई उहाँले राम्रो प्रवचन दिनुभयो भनें, उहाँ यत्ति छक्क पर्नुभयो कि उहाँको मुख आँ- को आँ भइगयो । पछि उहाँले भन्नुभयो, तपाईंबाट यस्तो पाउनु साच्चै नै गाह्रो छ । उसको भनाइलाई पछि मैले सोचें, अनी मैले ज्यादै दोषी अनुभव गरें । भरखरका बर्षहरूमा म धेरै कम प्रशंसा दिइरहेको छु । सायद यो गर्नुको कारण म हाम्रो सहकर्मीहरूका स्तर अझ माथि उकास्दैछु । तर यसको

लागि प्रयाप्त प्रोत्साहन दिन नसक्नु चाहिं मेरो कमजोरी हो ।

## वास्तवमा नयाँ समाज वास्तामा आधारित छ

यो एउटै कुरालाई सोच्नुहोस् कि यो नयाँ समाज परमेश्वरले हामीलाई दिनुभएको त्यो एउटा सपनामा आधारित छ । उदाहरणको लागि, हामीबीच रहेका गरिबहरूलाई यो नयाँ समाजले कसरी वास्ता गर्छ ? हङ्कङ्गमा, यो कुरा हामी मण्डलीहरूमा गर्ने कोशिस गर्छौं । पश्चिमी समाजहरूमा सरकारले नै यी सबै गरिदिन्छ । यी इसाई सरकारहरू जो नाम मात्रका इसाई छन्, ले बाइबलबाट नयाँ समाजको बिचारहरू लिएका छन् । मण्डलीले वास्ता गर्ने विभिन्न आवश्यकताहरू, यी गर्ने गरेका प्रत्येक कुराहरू, (जस्तैः अस्पतालहरू, अनाथालय, बृद्धाश्रम) इसाई सरकारहरूले गर्ने प्रयास गर्दैछन् । तर हङ्कङ्गमा अहिलेसम्म यस्तो अवस्था छैन । यसैले हाम्रा मण्डलीहरूमा, हामीबीच रहेका गरिब र बृद्धहरूलाई हेरचाह गरिन्छ । हामी खाँचोमा परेका मानिसहरूलाई सहायता गर्छौं र विधवाहरूलाई हेरविचार गर्छौं । हाम्रो मण्डलीहरूमा कोहि पनि भोकै जाँदैनन् ।

यसैले यो नयाँ समाज हावामा बनाइएको महल जस्तो होइन । हामी आवश्यकतामा परेका जो कोहिलाई पनि सहायता गर्छौं । कहिलेकाहिं कसैलाई पढ्न आवश्यक छ तर पैसा छैन भने, त्यस्ताहरूलाई सहयोग गर्न हामी प्रयास गर्छौं । जो विरामी छन्, उनीहरूलाई हामी भेट्छौं र हेरविचार गर्छौं । आवश्यक प्रत्येक कुरा मण्डलीमा पूरा हुन्छ । प्रेरित २ अध्यायमा पवित्र आत्मा उहिलेको यरुसलेमको मण्डलीमा ओर्लनुभयो, तुरुन्तै नयाँ समाजले काम गर्न थाल्यो । धनीहरूले गरिबहरूलाई खाँचो नहोस् भनी पक्का गर्न उदारतापूर्वक दिए । त्यसपछि सबैसँग प्रर्याप्त भयो ।

हाम्रो छिमेकीलाई खुशी पार्नुको अर्थ उनीहरूका बोझ बोकिदिनु हो, चाहे त्यो विमार होस् या एक्लो वा अरु धेरै समस्याहरू । जसो गलाती २:६ ले भन्छ, तिमीहरू एउटाले अर्कोको भार उठाऊ । एक अर्काप्रतिको यस्तो वास्ता नयाँ समाजको धारणा हो । जब तपाईं यो नयाँ समाजको ब्यक्ति हुनुहुन्छ, तपाईंले कति पाउने ? भन्ने कुरा हुँदैन, तर तपाईंले कति दिन सक्नुहुन्छ ? भन्ने हुन्छ । जब सबैको दिने प्रयास हुन्छ, हामी भरिपूर्ण हुन्छौं ।

## यी सबैथोक गर्नलाई पुनरुत्थानको शक्ति चाहिन्छ

यी सबैथोक गर्नलाई हृदय परिवर्तन गर्न सक्ने शक्ति चाहिन्छ । त्यो शक्ति पुनरुत्थानको शक्ति हो, जस्तै कि एफिसी १:१९-२०
औ उहाँको बलको सामर्थ्यको कार्यअनुसार हामी विश्वास गर्नेहरूतर्फ उहाँको शक्तिको अत्यन्त महानता के हो ? जो खीष्टलाई मुर्दाहरूबाट बिउताउँदा र आरुनो दाहिने बाहुलीतर्फ सबै शासन, स्वर्गीय स्थानहरूमा बसाल्नुभयो ।

यो शक्तिको पराक्रम भनेको येशूलाई, मलाई र तपाईंलाई मृत्युबाट बिउताउँनु हो । पावलले भविष्यको निम्ति मात्र होइन, वर्तमानको लागि पनि कुरा गर्दैछन् । सपना पूरा गर्नका लागि तपाईंसँग मानव हृदय परिवर्तन गर्ने शक्ति हुनुपर्छ, जुन शक्तिले गर्दा अरुबाट खुशी चाहने मानिस अरुलाई खुशी बनाउन  थाल्छ, अरुको खाँचो पूरा गर्न थाल्छ । परमेश्वरको राज्यको लागि पैसा गुमाउन प्रयत्न गर्ने इसाईहरूबाट म नजिकिएको छु । यी रकम दुई चार रुपैंयाको होइन, तर क्यानडी डलर १,००,०००को हो । यो कसरी सम्भव होला ?

यो परमेश्वरको अचम्मको शक्तिले हो, जसले हामीलाई के पाउन  सकिन्छ ? बाट के दिन सकिन्छ ? मा परिवर्तन गरेको छ । यी इसाईहरू आरुनो लागि राख्न सक्ने राम्रा मोटर कारहरू र आकर्षक राम्रो लुगाहरूमा वास्ता गर्दैनन् । यिनीहरूका एउटा बेग्लै सपना छ र उनीहरूलाई पुनरुत्थानको शक्तिले परिवर्तन गरेको छ ।

अनि तपाईं ? तपाईंको सपना के हो ?

## ४. जीवनको लक्ष्य

तपाईंको जीवनको लक्ष्य के छ ?

आज म बप्तिष्माबारे हाम्रो पाठ्यपुस्तकबाट इसाई जीवनको केही समस्याहरू उठाउन चाहन्छु ।

"ए भाइ हो, मैले पक्रिसकेको छु भनी म अझै सम्झन्नँ तर पछाडिका कुराहरूलाई बिर्सेर अगाडिका कुराहरूतिर लम्केर म एउटा काम गर्दछु, खीष्ट येशूमा परमेश्वरको, माथिको बोलावटको पुरस्कारको लागि निशानातिर म अगाडि बढ्दछु । यसैकारण हामी सिद्ध हुनेहरू चाहिं सबै यस्तै मनका होऔं, र तिमीहरू केही कुरामा भिन्न विचारका छौ भने परमेश्वरले तिमीहरूलाई यो पनि प्रकट गरिदिनु हुनेछ" (फिलिपी ३:१३-१५) । यी पदहरू अत्ति लोकप्रीय छन्, किनकि यी पदहरूलाई हामी पोष्टरमा अनी किताबमा चिनो लगाउने कोरेसोहरूमा प्रायः देखिरहन्छौं । पावलले हामीलाई यो भन्नुभयो कि प्रभुमा परिपक्व इसाईहरूले यसरी सोच्नुपर्छ, जसले गर्दा ऊ पछाडिका यी यावत सबै कुराहरूलाई भुल्छ र आरुनो सम्पूर्ण शक्ति एकिकृत रुपमा अगाडिका थोकमा लगाउँछ । यी पदहरू म सबैलाई बताउन चाहन्छु र विशेषगरी उहाँलाई, जसको बप्तिष्मा हुँदैछ । तपाईंको जीवनको लक्ष्य के हो ?

धेरै महत्वपूर्ण सिद्धान्त भएर पनि यो साधारण जस्तै देखिन्छ । तर पछाडिका कुरालाई बिर्सनु भनेको के हो ? विगतमा घटेका सबै घटनाहरूलाई बिर्सनुहुन्छ ? यदि यस्तो हुन्छ भने त, पूरानो करारको ठूलो भाग हामीले पढिरहनु परेन किनकि यसको अधिकांश भाग इतिहास हो । अगाडि बढ्नुको अर्थ के हो ? अगाडि रहेको त्यो कुरा के हो ? यसले अगाडि रहेको लक्ष्यबारे भन्दैछ, यसर्थ त्यो लक्ष्य के हो त ?

मैले तपाईंको जीवनको लक्ष्य के हो भनेर तपाईंलाई सोधें भने के तपाईं मलाई बताउन सक्षम हुनुहुन्छ ? धेरै इसाईहरू जो आरुनो विश्वासमा इमान्दार छन्, उनीहरू पनि जीवनको लक्ष्य यही हो भनी निश्चित गर्न सक्दैनन् । के यो लक्ष्य भनेको बाइबल धेरै जान्नु हो ? के यो लक्ष्य भनेको सुसमाचार फैलाउनलाई मिशन जारी राख्नु हो ? हाम्रो अगाडिको लक्ष्य के हो, जसतिर हामी निरन्तर अघि बढ्नुपर्छ ?
अन्ततः तपाईं देख्न सक्नुहुन्छ, त्यति स्पष्ट छैन । फेरि पनि म आशा गर्दछु कि यो प्रवचन सुनेपछि तपाईंले यी पदहरूबारे अत्ति जान्नुहुनेछ ।

### पाठ नं.१ : सद्दाम हुसेन

हालसालकै मुख्य समाचारहरूबाट यस कुरालाई अगाडि बढाउन चाहन्छु । यदि हामीसँग हेर्ने आँखा र सुन्ने कान छ भने परमेश्वर हामीहरूसँग समाचारहरूबाट बोल्नुहुन्छ ।

दुई हप्ता अगाडि हामीले समाचार हेऱ्यौं कि सद्धाम हुसेन फेरि नयाँ कुराहरू लिएर उत्रिएको छ। तपाईंले सोच्नु भएको होला, खतरनाक खाडी युद्ध पश्चात उसले केही पाठहरू सिक्यो होला। तर होइन, उसले कुनै कुरा पनि सिकेको थिएन। अब ऊ उत्तर पश्चिमका कुर्दहरूमा समस्या घुलाउन चाहन्छ। त्यसैले अहिले समुद्रदेखि जमिन हान्ने क्षेप्यास्त्रहरू र युद्ध विमानहरू इराक विरुद्ध उडिरहेका छन्। उसलाई केही महत्वपूर्ण पाठहरू सिकाई मद्धत गर्नलाई तपाईंले के गर्नुपर्छ ?

के कुरा यही होइन जुन हामी धेरै इसाईहरूमा पनि पाउछौं ? म यस्तै भइरहेको देख्छु। उनीहरू परमेश्वरको आज्ञा नमानी एउटा नराम्रो अनुभवपछि अर्को नराम्रो काम गर्दैछन्। तर उनीहरूले यस्तो नराम्रो अनुभवबाट शिक्षा लिएको जस्तो लाग्दैन। उनीहरू घरिघरि उही फोहोरमा जान्छन् र उस्तै फोहोर बनाउँछन्। किन ?

पाठ नं.२ : शाही सम्बन्धविच्छेद

त्यसपछि दश दिन अघि, अर्को समाचार देखियो। यस पटक चाहिं वेलायती शाही परिवारबारे : राजकुमारी डायना र राजकुमार चार्ल्सको बीचको पारपाचुको अदालती घोषणा। पारपाचुके पश्चात उनी राजकुमारी रहिनन्। उनको राजकुमारी पदवी रहेन। उनी सम्मानको त्यो उचाइबाट खसी एक साधारण नागरिक सरह हुन पुगेकी छिन्। विवाहको १५ बर्षपछि पनि यस्तो कुरा किन हुन्छ ? यो दोश्रो प्रश्न तपाई विचार गर्नुहोस्। के यो प्रश्नको उत्तर अधिको इराक सम्बन्धित जस्तै छ ?

डायना र चार्ल्सको विवाह कस्तो एउटा दन्त्य कथा जस्तो भयो। १५ बर्षअघि यसले सारा संसारको ध्यान आकर्षण गरेको थियो। यी सुन्दरी जो साधारण नागरिक थिइन्, राजकुमारी बनेकी थिइन् र एकदिन बेलायतकी रानी बन्नेथिइन्। यो कुराले यो सपना देखाउँछ कि सबै केटीहरू यसरी बन्छन्। यस्तो किसिमको कुरा तपाईंले दन्त्य लोककथाहरूमा मात्र पाउनुहुन्छ। तर अहिले साँच्चै रुपमा देखिन्छ कि डायना राजकुमारी भएकी छिन् र भविष्यको रानी बन्नेछिन्।

त्यसबाहेक, उनले विवाह गरिरहेको ब्यक्ति कुरुप र बृद्ध राजा थिएनन् तर एउटा सुन्दर राजकुमार, जो भविष्यका वेलायतका राजा थिए। उनी आरुनो शाही पोशाकमा, सुनको तक्मा र सुनका टाँकहरू सहित छेवैमा तरवार, सुन्दर रुप, सलक्क परेको खैरो केश थिए। प्रत्येक युवतीको निम्ति एउटा सपनाको राजकुमार!

त्यसपछि खराब समाचार : पारपाचुके। अवश्य पनि हामी पूरै अचम्मित छैनौं। बर्षौंदेखि अहिलेसम्म त्यहाँ समस्याहरू भइरहेको हामीलाई थाहा छ। जब सार्बजनिक रुपमा पारपाचुको घोषणा भयो, साह्रै नमज्जा भयो। यो एउटा सपनाको अन्त्य हो। तर किन ?

सुनौलो भविष्य भएको, संसारले दिनसक्ने सबै प्रशस्ततासँग यी राम्रा जोडीको विहे किन पारपाचुकेमा आइपुग्यो ? तपाईंलाई के लाग्छ ? के यो चारित्रिक फरकपनाले गर्दा हो ? तर प्रत्येक दम्पतिहरूका चरित्र फरक फरक हुन्छन् । कुन दुई मानिसहरू एक अर्कामा पूर्णरुपमा मिल्ला ? के चरित्र फरक हुनुको मतलब प्रत्येक जोडीले अन्तमा छुट्टिनु नै पर्ने हो त ? उनीहरूसँग प्राय: सबै स्रोत साधन र सार्वजानिक दबावले समेत यी शाही जोडीले आरुनो विवाह अन्तिमसम्म टिकाउन सकेन ।

## पाठ नं.३: असाधारण मान्छे

तेश्रो समाचार वृतान्तमा आऔं : त्यो चाहिं क्रिस्टोफर रिभ्सको बारेमा हो । के तपाईं चिन्नुहुन्छ ऊ को हो भनेर ? ऊ एक असाधारण मानिस हो । ऊ राम्रो अग्लो बलियो मसल भएको साथी हो, निलो सुट लगाएर असाधारण मानिस (सुपरम्यान) को भूमिका खेल्छ । सिनेमाहरूमा, ऊ आरुना पाखुराहरू फैलाई आकाशमा उड्न पनि सक्छ । के तपाईं आफू पनि उड्न सक्षम हुन मन पराउनुहुन्न? असाधारण मानिस ! अब रिभ्सलाई के भएको छ ? उसको घाँटीदेखि मुनि पक्षघात भएको छ । ऊ घोडाबाट लड्यो र घाँटी भाँच्यो । मैले उसलाई चिन्नै सकिनँ जब उसलाई मञ्चमा मेरुदण्डमा चोट परि बिमारी भएकाहरूका निम्ति पैसा उठाउन ल्याइयो । ऊ एकदम दयाका पात्र थियो । ऊ ह्वील चेयरमा बसेको थियो र अरुहरूले ठेली उसलाई यताउता लानुपर्थ्यो । ऊ आफै राम्रोसँग श्वास फेर्न पनि सक्दैनथ्यो, त्यसैले अक्सिजन प्रदान गर्न उसको मुखमा एउटा ट्यूब राखिएको थियो । यसैले, निश्चय नै ऊ सिनेमाको जस्तो सुन्दर असाधारण मानिस (सुपरम्यान) देखिंदैनथ्यो ।

यसमा हामीले सिक्नुपर्ने के शिक्षा छ ? ऊ शारीरिक कुशलताको शिखरतम धनबाट झरी ह्वील चेयरमा बस्नुपर्ने भएको छ । यसबाट परमेश्वर हामीलाई के भन्न खोज्दैहुनुहुन्छ ? यो क्रिस्टोफर रिभ्स स्वयंको बारेमा होइन । ऊ आफैले त कुनै नराम्रो काम गरेन । तर सारा मानव समुदायलाई यसले सन्देश दिन्छ । मानिस सोच्लान् कि ऊ जे पनि गर्न सक्छ र कुनै पनि समस्या समाधान गर्न सक्छ, उपरान्त : उसलाई परमेश्वरको आवश्यकता पर्दैन । मानिसले यी सबै गर्न सक्ला र यसको लागि ऊ मात्रै असाधारण मानिस हुनुपर्छ । जब ऊ यो सुपरम्यानको अवस्थामा पुग्छ, उसले परमेश्वरलाई बिर्से हुन्छ । तर यहाँ सुपरम्यान आफैलाई के भएको छ, हेर्नुहोस् । हलिउडका अरु कुनै हिरो वा हिरोइनलाई नभएर सुपरम्यान आफैलाई यस्तो भयो । यो कस्तो संयोग हो ? सुपरम्यानले आफैलाई त बचाउन सकेन । तर ठिकै छ अरुहरूलाई बचाउन सक्नेछ ।

## "म" हाम्रो आधारभूत समस्या

यो समाचार वृतान्तका सार शिक्षा यही हो : मानिसको जन्मजात समस्या । मानिसको आत्मिक समस्या ऊ आफै हो । मानिसको समस्याको जरा के हो ? तपाईंको समस्याको जरा के हो ? यदि तपाईंले यसको उपचार गर्नु भएन भने तपाईं कदापि यो समस्या

समाधान गर्न सक्षम हुन सक्नुहुन्न । यदि कुन रोग हो भनी तपाईंले ठिकसँग पत्ता लगाउन सक्नुभएन भने तपाईं यसको उपचार गर्न सक्नुहुन्न । यदि तपाईं ठिकसँग रोग पत्ता लगाउनुहुन्न भने गलत उपचारले तपाईं विरामीलाई मार्न सक्नुहुन्छ । यदि उपचारले रोगको लक्षण मात्र हटाउँछ भने यो समस्याको जरोसम्म पुग्न असफल छ । मुख्य समस्या मपाइँ हो, जसलाई अहं पनि भनिन्छ । मपाइँको उपचार गर्न जस्तो अरु कुनैको उपचार गर्न गाह्रो हुँदैन ।

सद्धाम हुसेन किन कुवेतलाई निल्न चाहन्छ ? ऊ जे जे गर्छ, मपाइँद्धारा प्रेरित भएर आफूलाई उठाउनको लागि गर्छ । उसले प्राचीन बेबिलोन शहरको पुनः निर्माण कार्यमा समेत प्रत्येक ईंटामा आरुनो नाम राखेको छ । इतिहासका किताबहरूमा ऊ बिजयी रुपमा रहन चाहन्छ । ऊसँग कुवेतभन्दा ठूलो महत्वकांक्षा छ । यदि उसलाई यहाँ नरोकेको भए ऊ कहाँ कहाँ जान्थ्यो भन्ने कसलाई के थाहा ? यस्तो नराम्रो हारपछि त उसले केही शिक्षा सिक्यो होला भनी तपाईं सोच्नुहुन्छ होला । अ हँ, होईन, अहम्लाई केहीले पनि रोक्न सक्दैन ।

तपाईंलाई के ले जागृत गराउँछ ?

तर के ऊ हामीहरू भन्दा पृथक छ त ? तपाईं आरुनो हृदयभित्र हेर्नुहोस् : तपाईं जे गर्नुहुन्छ सो गर्न तपाईंलाई के ले प्रेरित गर्छ ? यदि यो तपाईंको आनन्दको लागि, सन्तुष्टिको लागि, प्रशंसाको लागि होइन भने, तपाईं यो किन
गर्नुहुन्छ ? मानिस जहिले पनि आरुनो स्वार्थको ईच्छा पूरा गर्न प्रेरित हुन्छ ।

डायना र चार्ल्स्को जस्तो स्वर्णिम विवाह किन टुक्रिन्छ ? स्वार्थकै कारणले हो । कुनै पनि कुरा अरुको ईच्छामा चल्न दिंदैन । फलतः केही त टुट्ने नै भयो । स्वार्थको कारण विवाह नष्ट हुन्छ ।

सुपरम्यानको स्वरुप धेरै लोभलाग्दो हुन्छ किनकि हामी शक्तिको लागि लालायित छौं, जसले गर्दा असमर्थी (विपक्षी) विचारलाई जित्न सकिन्छ । तब आफूलाई जे ठिक लाग्छ त्यही गर्नलाई हामी आरुनो लागि बाटो पाउँछौं । मण्डलीमा विरोधहरू हुन्छन् किनकि मण्डलीमा कोही यस्ता मानिसहरू हुन्छन् जो आफूले सोचेको मात्र ठिक हो भन्ने ठान्छन् र अगुवाहरू गलत छन् भनी सोच्छन् । तर अगुवाहरूले सोच्न सक्छन् कि उनीहरू आत्मिकी छन्, त्यसकारण उनीहरू ठिक छन् ।

अहम् वा मपाइँ चैं अत्ति चतुर छ । राम्रा, मिठा शब्दहरूको पछाडि हामी हाम्रा वास्तविक उद्धेश्यहरू लुकाउँछौं, यो एकदमै डरलाग्दो कुरा हो । तर आत्मिक जीवनमा यो एउटा खतरा मात्र होइन, एउटा महामारी कुरा हो । तपाईंले के गर्नुपर्छ, म बताउँछु किनकि म

तपाईं भन्दा आत्मिक छु । यो एउटा त्यस्तो उदाहरण जस्तो हो जहाँ केटाले केटीलाई भन्छ : तिमीले मसँग विवाह गर्न गइरहेकी छौ किनकि म जान्दछु यो परमेश्वरको ईच्छा हो । म तपाईंभन्दा धेरै बर्ष अघिदेखि इसाई भएको छु, यसैले तपाईंलाई भन्दा मलाई परमेश्वरको ईच्छा बढ्ता थाहा छ । मलाई ब्यक्तिगत रुपमा कमसेकम दुईटा कुराहरू वास्तविक भएको थाहा छ । एउटा इसाई जे चाहन्छ, त्यो गर्छ तर ऊ यसो गर्नलाई परमेश्वरको नाम प्रयोग गर्छ । हामीले गर्न सक्ने यो सबभन्दा नराम्रो कुरा हो तर दुर्भाग्यवश मण्डलीमा यस्तै चलन लोकप्रीय छ ।

हामीलाई घमण्डी बनाउँने पछाडिका कुराहरु छोडौं

तर फिलिपी ३:१३-१५ को पाठमा यो कसरी सम्बन्धित छ ? जब यसले हामीलाई पछाडिका कुरा बिर्स भन्छ भने, यसको मतलब के हो ? के सद्धाम हुसेनले त्यही गर्दैछ, जुन पावलले हामीलाई गर भनी भनेथे, जसले कुवेतबाट पाएको शिक्षालाई बिर्सेर आरुनो लक्ष्य आरुनो जय जयको लागि अगाडि बढ्दैछ ?

पावलले भनिरहेको सन्दर्भलाई बुझ्नु महत्वपूर्ण छ । उनले भनेनन् कि इतिहासबाट सिकेका पाठहरूलाई बिर्सनुपर्छ । उनले बिर्सनुपर्ने कुराहरू त उनले महत्व दिने कुराहरू थिए । उनले भने कि जुन कुराहरू उनलाई पहिले महत्वको लाग्थे अहिले उनी तिनैलाई फोहोर ठान्छन् । उनको लागि ति चीजहरू कुनै महत्वका भएनन् । बरु त्यसको सट्टा उनी अर्कै कुरा खोज्दैथिए. येशूलाई जान्न । साथै, येशूलाई जान्नको लागि उनले यी कुराहरूलाई छोड्नु पर्थ्यो ।

यी चीजहरू मपाइँका थिए, कि उनी एक फरिसी थिए (फिलिपी ३:५, प्रेरित २३:६) । फरिसी हुनु आजभोलि केही खराब लाग्ला, तर त्यसबेला फरिसी हुनु एक प्रतिष्ठाको कुरा थियो । उनी भन्ने गर्थे कि उनी हिब्रुहरूका हिब्रु सबभन्दा विशुद्ध हिब्रु थिए । अघिका यी सबै राम्रा कुराहरू अब फाल्ने फोहोर भए । अतितमा यी सब उनलाई गर्बका कुरा थिए तर अब उनलाई यी कुराहरू कति पनि महत्वका भएनन् ।

तर हामीलाई ? हुन सक्छ हाम्रो परिवारको पालनपोषणले हामीलाई राम्रो अनुभव गराएको होला । हुन सक्छ, हामीले हासिल गरेका सबै शैक्षिक उपाधिहरूले हामीलाई घमण्डी बनाएको होला । अब हामीले यी सबैलाई पछाडि छोड्नुपर्छ, किनकि यी चीजहरूले स्वयम्लाई घमण्डी बनाउँछ । म यो भन्न चाहन्छु कि घमण्डभन्दा खतरा कुरा अरु केही छैन । अलिकति पनि घमण्डले हाम्रो हृदय अशुद्ध बनाउँछ । के तपाईंले प्रार्थना गर्न कोशिस गर्नुभएको छ र पाउनु भएको छ, कि परमेश्वरले तपाईंको प्रार्थना कहिल्यै सुन्नुहुन्न ? सम्झनुस् कि जो हृदयमा शुद्ध छ उसले मात्र परमेश्वरलाई देख्नेछ । त्यसकारण केही मानिसहरू लगातार रुपमा परमेश्वरलाई अनुभव गर्छन् र कोही गर्दैनन् । फरक कहाँ छ ? एक ब्यक्तिले आरुनो मपाइँको उपचार गरेको छ र निरन्तर यसको धुलाइ गर्नेछ तर अर्कोले

गरेको छैन ।

## बप्तिष्मा आत्मिक हुनलाई शुरुवात

आत्मिक जीवनको रहस्य यही हो । त्यसकारण पावल भन्छन् कि प्रत्येक परिपक्व इसाई यसरी सोच्छन् : "मैले पहिलेका सबै चीज छोडें र स्वार्थसँग सम्बन्धित सबै कुरा बिर्सेको छु । अब म परमेश्वरसँग सम्बन्धित कुरामा आरुनो ध्यान खिच्दछु ।" यदि तपाईंको यो मानसिकता छ भने प्रार्थना गर्नुहोस् र परमेश्वरले प्रार्थनाको उत्तर दिनुहुन्छ । परमेश्वरमा मेरो पूर्ण विश्वास छ कि उहाँले उत्तर दिनुहुनेछ । यो धेरै लामो अनुभवमा आधारित छ । म सन् १९५३ मा परमेश्वरमा आएदेखिका मेरा यी ५३ बर्षहरूमा प्रभुले उत्तर नदिनु भएको कुनै प्रार्थना छैन । हो, कहिलेकाहीं उहाँको उत्तरलाई मैले केही समय पर्खनुपर्छ तर उत्तर अवश्यै आउँछ । कहिलेकाहीं उहाँको उत्तर यति चाँडो आउँछ कि मैले शब्दहरू मुखमा ल्याएको पनि हुन्नँ । उहाँले उत्तर दिनुभएको यस्ता समयहरू पनि छन्, जहाँ मैले अनुरोध गर्न अघि नै उहाँ उत्तर दिनुहुन्थ्यो । म छक्कै पर्थें, मैले मागेकै छैन तर यहाँ उत्तर आइपुगेको छ । यशैयाले जे भनेका थिए, त्योसँग यो दुरुस्तै छ : तिमीले बिन्ती गर्नुभन्दा अगाडि उहाँले उत्तर दिनुहुन्छ ।
(यशैया ६५:२४)

बप्तिष्मा यथार्थमा यो हो : यो क्षणदेखि तपाईंको पछाडिका भाग बिर्सनुहोस्, ती सबै जुन अहंसँग सम्बन्धित छन्, तपाईंको स्वार्थी महत्वाकांक्षा, तपाईंको स्वार्थी घमण्डीपन । जब तपाईं बप्तिष्मामा पानीभित्र जानुहुन्छ, तपाईंको बिगत गएको (मेटेको) हुन्छ । ख्रीष्टसँग मर्नुको अर्थ के हुन्छ ? यसको अर्थ हुन्छ : बिगत मरिसक्यो । मृत्युबाट ब्यूताइनुको अर्थ के हो ? तपाईं एउटा नयाँ दिशातिर चल्नुहुन्छ । तपाईं अब एउटा नयाँ कुरामा अघि बढ्न आफैबाट स्वतन्त्र हुनुहुन्छ ।

## हाम्रो बिगतबाट स्वतन्त्र होऔं

हामीले आफ्ना विगतका बोझहरू पनि बिर्सनु आवश्यक छ । वास्तवमा विगतले हामीलाई प्रायः सधैं दुखाउँछ : विशेषगरी जब ब्यर्थै मानिसले तपाईंलाई नराम्रो गर्छ (दुखाउँछ) । तपाईंले क्षमा दिनुपर्छ र ती विगतका कुरालाई तपाईंको घाँटीमा पासो हुन दिनु हुँदैन । आरुनो कामको सिलसिलामा मैले धेरै जनालाई सल्लाह दिनुपर्छ, र मैले धेरै मानिसहरूलाई भेट्नुपर्छ जो बिगतका ठूलो बोझ लिएर बाँचेका हुन्छन् । तपाईंलाई अठ्याउने पासो घाँटीमा राखेर तपाईं अगाडि बढ्न सक्नुहुन्न ।

येशू तपाईंलाई बिगतबाट स्वतन्त्र गर्न चाहनुहुन्छ । त्यसकारण यो पदमा दुई वटा खण्डहरू छन्: तपाईं बिगतबाट स्वतन्त्र गरिएको हुनुपर्छ ताकि तपाईं अगाडि जान सक्नुहुन्छ । यो बिर्सनु भन्ने शब्द वास्तवमा (ग्रीकमा) अविच्छिन्न वर्तमान कालमा छ, यसको अर्थ हुन्छ

निरन्तर बिर्सँदै जाने । अगाडितिर बढ्ने काम तपाईंले जारी राख्नुपर्छ । यो पनि अविच्छिन्न वर्तमानमै छ । ग्रीक भाषामा अगाडि बढ्दै भन्ने शब्द एकदमै गम्भिर छ जसको अर्थ अंग्रेजीबाट खासै स्पष्ट आउँदैन । यसको चित्रण साधारणत एउटा चेलापन जस्तो छ । चेलापन भनेको पछ्याउनु हो. येशू अगाडि हुनुहुन्छ, म पछाडि । त्यसकारण पछाडि के छ ? म । मैले बिर्सनुपर्ने के हो ? मलाई । यदि तपाईं यसो गर्न सक्नुहुन्छ भने, स्वतन्त्रता कस्तो हुन्छ भनी जान्नुहुनेछ । अर्को शब्दमा, चेलापन तबसम्म सम्भव छैन जबसम्म तपाईं पछाडिको स्वयंलाई बिर्सनुहुन्न । त्यसपछि भने, तपाईं उहाँ जस्तै हुन येशूमा अघि बढ्नुहोस् ।

हामी शुरुदेखि स्वार्थले भरिएका छौं

गम्भिर मानसिक समस्या भएका मानिसहरूलाई मैले हेर्नुपर्छ । यी मानिसहरूका मुख्य चिन्ह म पाउँछु : शुरुदेखि नै पूर्ण रुपले स्वार्थले भरिएका छन् । यिनीहरू आफैमा थुनिएका छन् । मानसिक बिमारको लक्षण नै भित्रतर्फ हेर्नु हो . आफैले पूर्ण रुपमा दिमाग भर्नु हो । तपाईंको वर्तमान अवस्था कस्तो छ ? भर्खर दिइएको सीमासम्म नभए पनि धेरै मानिसहरूमा अलिकति भए पनि मानसिक समस्या हुन्छ, मात्रै यो पूरै दिमाग ढाक्ने मात्रामा नहोला । तर यो यस्तै दिशातिर बिकसित हुनसक्छ ।

जब तपाईं यस्ता मानिसहरूसँग कुरा गर्नुहुन्छ, उनीहरू सधैं आफ्नै बारेमा कुरा गर्छन् । उनीहरू आफूबाट टाढा जाँदैनन् । परिणाम स्वरुप, अन्तमा उनीहरूका कुनै साथी हुँदैनन् र उनीहर ज्यादै एक्लो बन्छन् । आरुनो मात्र कुरा गरिरहने मानिससँग को कुरा गर्न चाहन्छ ? धेरै मानिसहरू स्वार्थले भरिएका हुन्छन् तर उनीहरू चलाख हुन्छन्, आरुनो बारेमा कुरा गर्न, आरुनो कामबारे कुरा गर्न, आरुनो रुची वा अरुचीबारे भन्न, आरुना शौखहरू बताउन, अनि आरुनो देशको गौरबबारे भन्दाखेरि पनि उनीहरू यसलाई यसरी मिलाउँछन् कि मानौं यो उनीहरूको आफ्नै गौरब हो । उनीहरूले आरुनो वाक् स्वतन्त्रता अर्कैतिर मोडेका छन् । तथापि तपाईं आफै पूर्णरुपमा उनीहरूमा अहं रहेको देख्न सक्नुहुन्छ ।

मण्डलीमा कोही थियो जो समस्याहरू लिएर मैकहाँ आइन् । तिनी सधैं उस्तै कुराहरू "म यस्तो, म त्यस्तो" भन्ने गर्थिन् । यो अरुहरूलाई असह्य भैसकेको थियो । धेरै सहकर्मीहरूले तिनलाई सहयोग गर्ने प्रयत्न गरे तर परिणाम ठिक निस्केन । यस्तै कुराहरू यहाँ सधैं भैरह्यो, किनकि वास्तवमा उनी आफ्ना समस्याहरूबारे कुरा गर्न मन पराउँथिन्: जसलाई उनी एकदमै घृणा गर्थिन् । यहाँ उनी स्वयंले घृणालाई माया गर्ने सम्बन्ध थियो । अन्तमा सबै सहकर्मीहरूले तिनलाई सहयोग गर्ने प्रयत्न त्यागिदिए, त्यसैले तिनी मकहाँ आईन् ।

मैले भनें, ठिक छ, म तपाईंलाई एउटा सल्लाह दिन्छु, तर यदि आरुनो समस्याबाट मुक्ति चाहनुहुन्छ भने तपाईं यो सल्लाहमा पूर्णरुपमा बस्नुपर्छ । अहिलेदेखि तपाईंले आरुनोबारे कुरा

गर्न मनाही छ । तपाईं फेरि आफ्नै बारेमा कुरा नगर्नुहोस् । कोहीसँग पनि तपाईं आरुनो बारेमा कुरा गर्नुहुने छैन, तपाईंको पतिसँग पनि ।

उनी वाल्ल परिन् : "म आफ्नै बारेमा कुरा नगरी कसरी बाँच्न सक्छु ?" तपाईंलाई थाहा छ, के भयो ? जब तिनले आरुनै बारेमा कुरा गर्न छाडिन्, तब तिनले चंगाइ पाइन्, तिनी आफैबाट स्वतन्त्र भएकी थिइन् । तिनले आफैलाई नै बिर्सन सिकिन् । त्यसबेलादेखि तिनी यसैमा लागीपरेकी छिन् र तिनी धेरै असल ब्यक्ति भएकी छिन् । एक समय, तिनीसँग कोही पनि बोल्न चाहँदैनथे किनकि तिनी जहिले पनि आफ्नै बारेमा मात्र कुरा गर्थिन् । तर अब तिनीसँग धेरै साथीहरू छन् किनकि तिनी अरु मानिसहरूको सरोकार राख्ने गर्छिन् ।

प्रभु, मेरो "म" लाई आगो लगाउनुहोस्

ग्रीकमा "अगाडि बढ्दै" शब्दको अर्थ सशक्त र गहन छ भनेर मैले भनिसकें । यस प्रकारको अगाडि बढाइ इसाईहरूमा देख्दिनँ । धेरै कम इसाईहरूमा मात्र यस्तो सशक्तता, गंभिरता र यस प्रकारको असाधारणता छ जसले मानिसहरूलाई खिच्दछ ।

अफ्रिकाका प्रख्यात अन्वेषक र परमेश्वरको दास डेविड लिभिङ्गस्टोनले एक पटक आरुनो डायरीमा लेखे, "मसँग अद्भूत बौद्धिक वैयक्तिक गुण छैन, तर आज म एउटा असाधारण इसाई हुने निश्चय गर्छु ।" म आशा गर्दछु कि हामी सबैले भन्नेछौं : म परमेश्वरको अनुग्रहद्धारा एउटा असाधारण इसाई हुन संकल्प गर्छु । जीवनमा यो नै एउटा अर्थपूर्ण लक्ष्य हो ।

आज जो बप्तिष्मा लिंदै हुनुहुन्छ, उहाँको लागि म भन्दछु : प्रभुलाई तपाईंले आफूलाई आगो लाउन दिनुहोस् । अन्धकारमा ज्योति बन्नुहोस् । मैले थाहा पाएँ कि यदि असाधारण इसाई भएर परमेश्वरको लागि केही बन्नुहुन्न भने इसाई हुनु ब्यर्थ छ ।

यो हाम्रो बोलावट हो । मण्डली जोश नभएका साधारण इसाईहरूले धेरै भरिसक्यो । कसैले वेस्लीलाई उनको प्रवचनको रहस्यबारे सोध्योः जसको उत्तरमा उनले भने, "म आफैलाई आगो लगाउँछु र मानिसहरू म जलेको हेर्न आउँछन् ।" यो "अगाडि बढ्दै" शब्दको गम्भिरता र गहनता यहाँ तपाईं देख्नुहुन्छ । यहाँ तपाईंले देख्नुभयो कि एउटा मानिस जसलाई थाहा छ, ऊ के को लागि बाँच्दैथियो ।

म प्रार्थना गर्छु कि प्रभुले तपाईंहरू प्रत्येकलाई एउटा आत्मिक आगो (आत्मिकी जोशिलो) बनाउनुहुन्छ । म प्रार्थना गर्छु कि तपाईंहरू प्रत्येकलाई थाहा होस् कि तपाईं के को लागि बाँच्दै हुनुहुन्छ । अनि तपाईंले आफैलाई नबिर्सेसम्म यो सम्भव हुँदैन । साथै पूरै हृदय लगाएर उहाँ जस्तै हुन अगाडि बढ्नुहोस् ।

## ५. परमेश्वर मित्र हुनुहुन्छ

### परमेश्वरको मध्यस्थता

समस्यामा परमेश्वरले हामीलाई जमानतमा छोडाएको हामी चाहन्छौं । के परमेश्वर हाम्रो मित्र हुनुहुन्छ ? उहाँको मित्रताप्रति हाम्रो अवधारणा खासगरी यस्तो हुन्छ : उहाँले हामीलाई कठिन अवस्थाबाट निकाल्नुहुन्छ, जुन अवस्थामा हामी लडेका थियौं । उहाँ त्यो ब्यक्ति हुनुहुन्छ जसले हामीलाई कठिन समयहरूमा आपतबिपतहरूबाट बचाउनुहुन्छ । यस प्रकारले परमेश्वरसँग मित्रता छ भनी हामी कति जनाले सोच्छौं र जीवन र मृत्युको अवस्थामा प्रभु मलाई सहायता गर्नुहोस् भनी प्रभुलाई पुकाछौं ? मैले हालसालै परमेश्वरको मध्यस्तताको एउटा ब्यक्तिगत बर्णनको संगालो पढिरहेको थिएँ । यी बर्णनहरूमध्ये एउटा चैं अमेरिकाको मध्य पश्चिममा बस्ने पाष्टरको बारेमा थियो । यस पाष्टरको श्रीमति तीनको आमालाई स्याहार सुसार गर्नलाई जानु भएको थियो जो धेरै बिमारी भएकी थिइन् । तिनी र तीनकी आमा भेट्न जाने कममा उहाँले हप्ताको सत्र घण्टा यात्रा हरेक हप्तामा गर्नुपर्थ्यो । यस यात्रामा चाहे कारबाट होस् वा बसबाट होस् यात्रा अति नै थकित हुने गर्थ्यो, यसको लागि  उहाँको पाष्टरको थप कर्तब्यहरू थियो ।

त्यो आवश्यक परेको बेलामा एकजना मित्र उहाँलाई सहायता गर्न आउनुभयो । त्यो मित्र चैं त्यही चर्चको एकजना किसान हुनुहुन्थ्यो जससँग सानो हवाइजहाज थियो जुन हवाइजहाज उहाँले अन्न छर्ने, काट्ने काममा प्रयोग गर्नुहुन्थ्यो । त्यही हवाइजहाज पाष्टरलाई पुऱ्याउनमा प्रयोग गरियो । तर खासगरी त्यो हप्ताको छुट्टीको दिन उनीहरू पूर्बतिर उडे र उनीहरू झन् झन् बाक्लो बादलमाथि उड्दै गरेका थाहा पाए । त्यो अन्न छर्नमा मात्र प्रयोग गरेको हवाइजहाजमा गति, चाल, उचाइको अवस्था जानकारी दिने यन्त्र जडान गरेको थिएन । यस्तो जहाज चलाउने काम नक्शाको बिपरित पूर्णतया देखेर चिन्ने कुरामा भर पर्छ । तर यस्तो बाक्लो बादल भएकोले उनीहरू कहाँ जाँदैथिए, त्यो उनीहरूले देख्न सक्दैनथे । उनीहरू आफ्नै दिशा पत्ता लगाउने यन्त्र अर्थात कम्पास र रेडियो सम्पर्कमा मात्र भर परेका थिए ।

जब यी चीजहरू खराब हुँदै गएपछि हरेक कुरा त्यसरी नै खराब हुँदै गएको देख्छौं । उनीहरू आरुनो गन्तव्य स्थानबाट आधाभन्दा बढी बाटोमा थिए, उनीहरूले आरुनो रेडियोमा समस्या बढीरहेको पत्ता लगाएँ, त्यसपछि उनीहरू अपरझट नजिकको हवाइ मैदान कहाँ छ भनी सोध्न थाले । तर मौसम यस्तो खराब थियो कि उनीहरूले हवाइ मैदानको नियन्त्रण गर्ने टावर समेत देख्न सकेनन् । तिनीहरूले अर्को हवाइ मैदान खोज्नु भन्ने सल्लाह दिए । यस्तो बेला उनीहरूले गम्भिरपूर्वक प्रार्थना गरिरहेका थिए । त्यसपछि रेडियो पूरै बन्द भयो । जहाजको इन्धन पनि  एकदमै तल घटिसकेको थियो । यसैले जहाज जसरी भएपनि ओराल्नु बाहेक उनीहरूको कुनै छनौट थिएन । अब उनीहरूसँग भएको कम्पास र आरुनो ठाउँको

अन्दाजमा मात्र भर परेर पाइलटको सोचाइमा कहाँ हवाइ मैदान पर्छ, उतैतिर उडाउन थाल्यो । उसले बादलको प्वाल कहाँ छ, त्यहाँबाट कुनै हवाइ मैदान देखिन्छ कि भनी आशाले लगातार खोज्न आग्रह गरे । यो अवस्था एकदमै हतास हुँदै गइरहेको थियो, सूचना दिने यन्त्रबीना वा कुनै निर्देशनबीना अलिकति मात्र देखाइमा हवाइजहाज ओराल्नुको अर्थ अवश्य नै मृत्यु हुनु हो ।

त्यसपछि उसले फेरि अन्तिम प्रयासको रुपमा रेडियो प्रयोग गर्ने कोशिस गरे । कस्तो खुशी भयो, त्यहाँ रेडियोमा एउटा आवाज आयो । यो खुशीको आवाज थियो, म तिमीलाई सुन्दैछु । मैले भनेको निर्देशन मात्र पछ्याउँदै जाऊ । तिम्रो जहाज तल ओराल, अलिकति बायाँ जाऊ......तिम्रा पखेटाहरू स्थिर पार । अन्त्यमा जमिन नजिक गराऊ । उनीहरूले यतिखेर हवाइजहाज दौडाउने ठाऊँ वा धावनमार्ग देख्न सके । उनीहरूले जमिन छोइसकेपछि, कस्तो स्वतन्त्रता र खुशी भयो । उनीहरू मृत्यु हुनबाट बाँचेका थिए ।

त्यसपछि उनीहरू त्यसरी सुरक्षासँग ओराल्नलाई अत्ति उत्तम निर्देशन दिनेलाई धन्यवाद दिन त्यो नियन्त्रण टावरमा गए । उनीहरूले तिनीहरूबाट जवाफ पाएर अन्त्यमा उनीहरूका केशहरू ठाडो भयो । त्यो नियन्त्रण टावरका मान्छेहरूले भने : कुन निर्देशनहरू ? हामीले उत्तर क्यारोलिनादेखि तपाईंसँग सम्पर्क गुमायौं र त्यसबेलादेखि तपाईंसँग कुनै सम्पर्क गर्न सकेका थिएनौं । उनीहरू एक आपसमा हेराहेर गरे । कसले तपाईंहरूलाई निर्देशनहरू दियो ? तब तिनीहरूले अचानक महसुस गरे कि जुन बोली उनीहरूलाई बोलियो त्यो आवाज मानिसको थिएन ।

परमेश्वर नै आवश्यकतामा साथी हुनुहुन्छ । कसले निर्देशनहरू दिन सक्ला भनी उनीहरूले सोचेका थिए । यो चैं पाष्टर आफैले दिनु भएको बर्णन हो । परमेश्वरमा हिंड्नेहरूको लागि परमेश्वरले गर्नुहुने यस्तो मध्यस्तताको अनुभव असामान्य होइन । परमेश्वरमा नहिंड्नेहरूका लागि, यसप्रकारको आश्चर्यजनक अनुभव अविश्वसनीय हुन्छ ।

परमेश्वर कस्तो खाल्को मित्रको खोजीमा हुनुहुन्छ ?

तर अहिले तपाईंको आवश्यकतामा प्रभु येशूले तपाईंलाई सहायता गर्नुहुन्छ कि हुन्न भन्ने समस्या छ । तपाई आरुनो मित्रता उहाँमा स्थापना गर्न चाहनुहुन्छ कि हुन्न भन्ने मुख्य समस्या हो । यो धेरै फरक प्रश्न हो र यसैमा आज तपाईंहरूको ध्यानाकर्षण गर्न चाहन्छु । हामी आज फेरि असल सामरीबारे सोचौं । जेरिकोको बाटोमा एकजना मानिस डाँकाहरूद्वारा घाइते भइ लडिरहेको थियो । उसले असाध्य नराम्ररी कुटाइ खाएको थियो र ऊसँग भएको सबै धनसम्पति लुटेर लगिएको थियो र उसलाई त्यहीं मरोस् भनी छोडिएको थियो । त्यसपछि त्यो सामरी त्यहाँ आयो र नराम्ररी घाइते भएको त्यो ब्यक्तिलाई करुणा र दया गरी त्यो जोखिमबाट बचाउन मद्धत गऱ्यो । उसले तिनलाई उठाएर आरुनो गधामाथि

राख्यो, एउटा आबासमा लग्यो, उसको स्याहार सुसार राम्रो होस् भनेर त्यहाँ लागेको खर्च सबै तिरिदियो। हामीले यो प्रश्न सोध्न आवश्यक छ : के यो पिडित ब्यक्ति पछि सामरीसँग मित्र हुनुभयो ? के त्यो घटनामा कुनै ब्यक्तिसँग ब्यक्तिगत सम्पर्क समाप्त भएको थियो ? त्यो पिडित ब्यक्ति पछि उठ्यो र त्यो सामरीले उसलाई बचाएको महसुस गऱ्यो (किनकि यदि उसले सडकमा यसै छोडेको भए अवश्य नै घाउबाट रगत बगेर ऊ मर्ने थियो), के उसले त्यो सामरीलाई खोज्ने कुनै प्रयत्न गऱ्यो ? यदि उसले त्यतिकै छोडेको भए ऊ कहिल्यै पनि उसको साथी बन्ने थिएन। खासगरी सामरीले उनलाई भेट्न आउने आबासमा केही खुराक छोडेको थियो । उसले त्यो आवासगृहको मालिकलाई आफू फर्केर आउँदा उसलाई लागेको सबै खर्च तिरिदिने प्रतिज्ञा गऱ्यो । त्यहाँ छोडेको रकम त्यो पिडितलाई उपचार गर्न नपुग्दो थिएन । त्यहाँ हामी देख्छौं कि त्यो यात्रु त्यो जेरिकोको बाटोमा कहिलेकाहीं मात्र हिंड्ने यात्रु थिएन। ऊ नियमित आइरहने र फेरि पनि आउन सक्ने थियो । यदि त्यो घाइते भएको यहूदी ऊसँग मित्र हुन चाहन्छ भने त्यहाँ पर्खन सक्थ्यो वा आबासको मालिकसँग उसको ठेगाना माग्न सक्थ्यो वा उसले आफ्नो ठेगाना त्यहाँ छोडेर त्यो सामरीलाई कृपया मलाई सम्पर्क गर्नुहोला भनी अनुरोध पत्र छोड्न सक्थ्यो ।

## हामी परमेश्वरको प्रयोग गर्छौं

कति मानिसहरूले जत्ति झंझट भए तापनि परमेश्वरसँगको मित्रताको अनुभवले परमेश्वरलाई पछ्याउन परमेश्वरको कृपा अनुभव गरेका छन् ? जब मैले चीन देशमा परमेश्वरको दयालु सुरक्षाको अनुभव गरें, उहाँले मलाई जीवन र मृत्युको अवस्थाबाट उठाउनु भयो, मैले अनुभव गरें कि उहाँ नै मेरो सबभन्दा अचम्मको साथी हुनुहुन्थ्यो। त्यस दिनदेखि अहिलेसम्म उहाँको मित्रता खोजेको
छु।

तर मैले देखेको छु कि त्यो कुरा धेरै इसाईहरूले गर्दैनन्। उनीहरू परमेश्वरसँग एकपटक भएको सम्बन्धमा सन्तुष्ट छन्। उनीहरूका लागि त्यतिमै सधैं असल सामरी भएको आधार मान्छन्। उनीहरू आफ्नो जीवनमा परमेश्वरले त्योभन्दा बढी हस्तक्षेप भएको चाहँदैनन्। जब मलाई परमेश्वरको आवश्यकता पर्छ, तब म उहाँलाई बोलाउनेछु। तर जुनबेला मलाई उहाँको आवश्यकता पर्दैन, कृपया मबाट पर हुनुहोस्।

त्यस्तोलाई के भनी बोलाउनुहुन्छ ? जब तपाईंलाई परमेश्वरको आवश्यकता पर्छ, त्यतिखेर मात्र परमेश्वरलाई प्रयोग गर्नुहुन्छ ? धर्मशास्त्रको आधारमा म भन्न चाहन्छु र यसलाई स्पष्ट गर्न चाहन्छु कि यदि तपाईं परमेश्वरसँग यसरी ब्यवहार गर्नुहुन्छ भने तपाईं कहिल्यै पनि उहाँको मित्र बन्न सक्नुहुनेछैन।

## परमेश्वरसँग मित्रता हुन तपाईंमा नै भर पर्छ

के तपाईं परमेश्वरको मित्र हुनुहुन्छ ? खासगरी यो चैं उहाँमा निर्भर हुने कुरा होइन । यो तपाईंमा नै भर पर्ने कुरा हो, तपाईं आफै उहाँसँगको मित्रतामा प्रवेश हुन चाहनुहुन्छ कि हुन्न ।

यदि तपाईं गर्नुहुन्छ भने यी निश्चय नै महत्वपूर्ण अवस्थाहरू हुन् । यो खाल्को मित्रता चैं शर्त नभएको हो । एक अवस्था चैं धेरै फरक छ । के तपाईं यस्तो अवस्थाको मित्रताको खोजी गर्नुहुन्छ ? के यो तपाईंको लागि महत्वपूर्ण छ ? अथवा के तपाईं धेरै इसाईहरूले यस्तो भनेकोमा सन्तुष्ट हुनुहुन्छ : म परमेश्वरसँग मेरो हरेक समस्याको समयमा प्रशस्त घनिष्ट सम्बन्ध भएको चाहन्छु, उहाँ आउनुहुनेछ र मलाई यस परिस्थितीबाट निकाल्नु हुनेछ ? कहिलेकाहीं योभन्दा बढी उहाँको आवश्यकता पर्छ । जस्तै : कस्तो पेशा छान्ने भनी जान्नलाई, कस्तो कामको लागि दरखास्त दिने वा म एक्लै बाहिर जाँदा सुरक्षा पाउनलाई । परमेश्वर सित्तैमा भाग्य बताउने ब्यक्ति, सित्तैमा जीवन बिमा र अंगरक्षक सेवा जुटाउनुहुन्छ । जब तपाईं अँध्यारो गल्ली भएर हिंड्नुहुन्छ, अचानक परमेश्वरलाई सम्झनुहुन्छ । जब तपाईं ठूलो मुख्य सडकमा पुग्नुहुन्छ, उहाँलाई कहिल्यै पनि सोच्नुहुन्न । के यो हाम्रो साँचो कुरा होइन ?

हामी परमेश्वरलाई प्रयोग गर्छौं । के हामी मित्र हुनको लागि प्रयोग गर्छौं ? के हामी त्यसरी मित्रता भएको सोच्छौं ? म यो भन्न चाहन्छु : परमेश्वरले यस प्रकारको मित्रता चाहनुहुन्न । के तपाईं त्यस्तो खाल्को मित्र बन्न चाहनुहुन्छ ? म तपाईंलाई धेरै स्पष्टसँग भन्न चाहन्छु : यदि तपाईं यस किसिमले परमेश्वरसँग मित्र बन्न चाहनुहुन्छ भने तपाईं परमेश्वरको मित्र हुन सक्नुहुन्न । तपाईंले उहाँलाई साधारणतया तपाईंको आफ्नै उद्धेश्यको लागि प्रयोग गर्न चाहनुहुन्छ । परमेश्वरले त्यो पनि स्वीकार गर्नुहुन्छ, उहाँले तपाईंलाई झन् झन् स्वार्थी बनाउनुहुन्छ र त्यसैकारण धेरै इसाईहरू अन्यजातीहरूभन्दा धेरै स्वार्थी हुन्छन् । म विश्वास नगर्नेहरूलाई दोष दिन चाहन्नँ जसले केही इसाई तुच्छ ठान्छन्, उनीहरूले जहाँ उहाँको आवश्यकता पर्छ, एक प्रकारको आकस्मिक सहायता पाउँछ भन्ने मात्र परमेश्वरबारे सोच्छन् । म स्वीकार गर्छु : यो चैं लज्जास्पद छ ।

## दुई प्रकारका मित्रता

दुई प्रकारका मित्रता हुन्छन् । पहिलो प्रकारको मित्रता चैं बाइबल अनुसारको परिभाषाले मित्रता भन्नै मिल्दैन । यस्तो मित्रता चैं स्वार्थ पूर्ति गर्नको लागि हो। जे जति कुरा म चाहन्छु ती अरु ब्यक्तिबाट पाउन खोज्नु हो । यस प्रकारको सम्बन्ध जवान मानिसहरूका माझमा ज्यादै लोकप्रीय छ । म तपाईंलाई प्रेम गर्छु भन्नुको अर्थ यो हुन्छ : म तपाईंबाट जे पाउन चाहन्छु, त्यो मलाई मन पर्छ । अर्थात म प्रेम गर्छुको अर्थ जे तपाईंसँग छ, त्यो म चाहन्छु । यसैले यदि तपाईं धनी हुनुहुन्छ भने तपाईंले धेरै मित्रहरू पाउनु भएको छ । तपाईंसँग रुपैंया पैसा भएकोले उनीहरूले तपाईंलाई प्रेम गर्छन् । तपाईंसँग त्यो रुपैंया

पैसा नभएको अवस्थासम्म पर्खनुस् त, त्यतिखेरसम्ममा तपाईं अचम्म मान्नुहुनेछ कि तपाईंलाई उनीहरूले छोडेर गइसकेका हुनेछन् । यस्तो कुरा जवान केटा र केटीका बीचमा पनि सत्य भएको हुन्छ । अरु व्यक्तिहरूले पनि यस्ता केही कुराहरू खोजीरहेका हुन्छन् : जस्तै हुन सक्छ, एकजना यौनतृष्णामा सन्तुष्ट हुन चाहन्छ, र जे चाहिएको थियो सो प्राप्त भएपछि अब चाहिन्दैन । के त्यस्तोलाई प्रेम भन्छ ? यस्तो खाल्को मित्रता तपाईं बदमास मानिसहरूको बीचमा पनि पाउनुहुन्छ । तपाईं एक्लैले बैंक लुट्न गाह्रो हुन्छ, यसैले तपाईंलाई चार वा पाँचजनाको सहभागीता आवश्यक हुन्छ । यदि तपाईंले बैंक लुट्पातपछि केहीलाई प्रहार गर्नुभयो भने लुटेराहरूमा बिभाजन भई समस्या आउँछ । तर जति सके लामो समयसम्म मिलेर काम गर्न विस्वस्त हुन्छ त्यति समयसम्म तपाईंले मित्रता कायम गर्न सक्नुहुन्छ । यी चैं सबै स्वार्थपूर्ति हुन् ।

अब चाखलाग्दो कुरो यो छ कि हामी यस्तो खाल्को मित्रता भएको चाहँदैनौं । तापनि हामी त्यो खाल्को मित्र हुन इच्छा गरिरहेका हुन्छौं । यसको कारण चैं मानिसको स्वभाविक स्वार्थ हो । यदि परमेश्वरले त्यस अर्थमा तपाईंको मित्र स्वीकार्नुभयो भने उहाँले तपाईंलाई अझै स्वार्थी हुन उत्साह गर्नुहुनेछ । यसकारण यदि कुनै इसाईले अझै पनि स्वार्थकेन्द्रित भएर काम गर्छ भने तीनले परमेश्वरबाट प्रार्थनाको उत्तर पाइरहेको छैन । परमेश्वर कहिल्यै पनि नजिक भएको देख्न सक्नुहुन्न । उहाँले कहिल्यै पनि स्वार्थकेन्द्रित हुन उत्साह गर्नुहुन्न । मानिस अवर्णनीय स्वार्थकेन्द्रित छ ।

निम्न समाचारको बिषयलाई बिचार गर्दा : केही दिन अगाडि मैले खबर पत्रिकाको शीर्षक देखें : टेक्सनले टेलिभिजनमा फुटबल खेल हेर्दा आरुनो छोराको हत्या गऱ्यो । उसको आफ्नै छोरा टेलिभिजनको कार्यक्रममा नै माऱ्यो । उसलाई मनपर्ने एउटा डलास काउब्वाय खेल हेरिरहेको बेला उसको त्यो तीनबर्षे छोराले अत्यधिक हल्ला गरिरहेको र उसकी आमा त्यसबेला बाहिर गएकी हुनाले उसले त्यो खेल हेरेर मज्जा लिन सकेन । उसले उसको सानो छोरालाई धेरै पटक मुक्का हान्यो । उसले त्यो छोरालाई यति साह्रो गरि हिर्कायो कि त्यो चोटले कलेजो र मृगौला तोड्यो । अनी छोरा मऱ्यो । निश्चय नै आमाबाबुले छोराछोरीहरूलाई धेरै माया गर्छन्, होइन त ? वास्तवमा यस मानिसले पछि आफैलाई उसको छोराको नाम राख्यो । अर्को शब्दमा, ऊ आफैमा ठिक छोराको स्वरुप भएको चाहन्थ्यो । दुवै नामहरू ठिक उस्तै छन् : जेठो र कान्छो । तैपनि उसको बाबुको यो चिनारीले त्यो केटोलाई बचाउन पर्याप्त भएन ।

अर्को खबर पत्रिकामा मैले दुई वटा छोराहरूले आफ्नै आमालाई भोकभोकै मर्न दिएको अर्को आश्चर्यपूर्ण खबर सुनें । किन भनेर यसको ब्याख्या गरिएन । त्यो स्त्री बाध्यता र भोकमरीमा परेकी थिइन् । प्रहरीले भेट्दा त्यो स्त्री १.६३ मिटर अग्ली, २७ किलोकी थिइन् । प्रहरीले तिनलाई भेट्नुको कारण यो हो कि तिनले मर्न अघि अपरेटरद्वारा सहायताको लागि फोन

गर्ने ब्यवस्था मिलाएकी थिइन् । प्रहरी आएपछि तिनलाई अस्पताल पुऱ्याएर पनि बचाउन सकिएन । तिनलाई बचाउनलाई धेरै ढिलो भैसकेको थियो । तिनका २५ बर्ष र २२ बर्षका छोराहरूलाई प्रथम स्तरको हत्याराको सजाय दिइएको थियो ।

त्यस्तै अर्को खबर पत्रिकाको कथा : बिहान सबेरै टेलिभिजनमा एउटी केटीले दाबी गर्छिन् कि तिनको मगनी गरेको दुलहालाई दुई जनाले हत्या गरेको थियो । तिनले हत्याराहरूलाई समात्न सहायताको लागि चिच्याइरहेकी र बिन्ति गरिरहेकी थिइन् । तिनले भनिन् कि तिनीहरू सँगै बेलुकाको खाना खाइरहेका थिए र पछि सुनसान गल्लीतिर पिछा गरे । तर जब तिनीहरूले अर्को कारलाई उछिनिदिए, अर्को कारको मालिक यति भुत्भुतिएको थियो कि तिनीहरू आएर तिनको मगनी भैसकेको केटोलाई छुरीले घोपेर माऱ्यो । तापनि प्रहरीले त्यस घटनाको छानबिन गरी तिनलाई नै हत्याराको दोष लगायो । त्यो पूरै कहानी त्यस आइमाइबाट रचिएको थियो र तिनले आफै तिनको हुनेवाला दुलहालाई किन माऱ्यो, कारण दिइएको छैन । त्यही खबर पत्रिकाको अर्को कथा अनुसार एकजना डाक्टरले उसको आफ्नै श्रीमतिलाई घरको तीन तलाको झ्यालबाट फ्याँक्यो, किनभने उसले रिस थाम्न सकेन । वास्तवमा तिनलाई संकटकालीन अवस्थामा हतार गरी अस्पताल लगे । खबर पत्रिकाको रिपोर्टको समयमा तिनको बाँच्ने अवस्था कस्तो थियो, त्यो स्पष्ट थिएन ।

पीताले आरुनो छोरालाई मार्न, छोराले आमालाई मार्नु, केटीले आरुनो हुनेवाला दुलहालाई मार्नु, श्रीमान्ले आफ्नै श्रीमतिलाई मार्न कोशिस गर्नु जस्ता कुरा के तपाईं बुझ्नुहुन्छ ? हामी कस्तो खाल्को संसारमा बाँचिरहेका छौं ? यी अत्याधिक घटनाहरू हुन् तर तिनीहरूको हृदयको अत्ति स्वार्थको कारणले यो ब्यक्त गरेको हो ।

यस प्रकारका सम्बन्धहरू त्यो आश्चर्यजनक विश्वासघातको तह हो । हरेक घटना मलाई घोच्ने कारण बन्छ । यसले साँच्चिनै मानिसको निम्ति एक अर्कासँगको मित्रता गाँस्न सम्भव तुल्याउँछ । यदि मानविय सम्बन्धहरू नै मित्रताको बलियो आधार होइन भने अरु के हुन्छ त ? के अरु यस्तो स्वार्थहीन मित्रता छ ? के साँचो मित्रताको सम्बन्ध मानिसहरू बीचमा सम्भव छ ? यदि सम्भव छैन भने मित्रताको बिषयमा कुरा गर्नु निश्चय नै समय बर्बाद गर्नु हो ।

तपाईंले यो बुझ्नुपर्छ कि मित्रता हुन अगाडि हाम्रो मानवीय स्वभाव आमूल परिवर्तन हुन आवश्यक छ । स्वार्थपूर्ति गर्ने सम्बन्धमा, हरेक कुरा अरुबाट लिन चाहन्छ र कहिल्यै पनि यो पर्याप्त हुँदैन । स्वार्थपूर्ति गर्ने सम्बन्धमा, दुईले एक अर्कोलाई दिन्छ र दुवैसँग चाहेकोभन्दा प्रशस्त हुन्छ । त्यो तर्कसंगत लाग्छ । तर ब्यवहारमा त्यो गर्न अत्ति कठिन पाउँछौं । तापनि यो खाल्को मित्रतामा परमेश्वर चासो लिनुहुन्छ ।

यो नै मेरो आजको सन्देशको मुख्य बुँदा हो । यदि मैले भनेको हरेक कुरा बिर्सनुहुन्छ भने पनि एउटा कुरा सम्झनुपर्छ । परमेश्वरले मित्र खोजिरहनुभएको छ । इतिहासको हजार बर्षहरूमा उहाँले केही ब्यक्तिहरू मात्र पाउनु भएको छ । यसैकारण पूरानो करारमा औंलामा गन्न सकिने ब्यक्तिहरू मात्र परमेश्वरका मित्र कहलाइएका छन् । उदाहरणको रुपमा : अब्राहम, इसाक र मोशा उहाँका मित्र हुन् । केही अगमवक्ताहरू र अनी हामी नाम नै भन्न सक्दैनौं । तिनीहरू नै परमेश्वरका केही मित्रहरू कहलाइएका थिए । त्यसको अर्थ परमेश्वर नै तिनीहरूका मित्र हुनुहुन्थ्यो । यसरी शताब्दीऔं बित्दै जाँदा केही अरुहरू पनि थिए ।

यदि मानिसहरू परमेश्वरका मित्रहरू होइनन् भने चर्चमा मानिसहरूको पूरै भरिभराऊ मात्र भएर के काम लाग्छ ? आज यहाँ कतिजना परमेश्वरका मित्र छन् ? कति जनाले उहाँको मित्र बन्न आवश्यक कुराहरू पूरा गरिसक्नुभएको छ ?

परमेश्वरलाई प्रेम गर्न मूल्य चुकाउनुपर्छ

उहाँले हामीमा धेरै स्पष्टसँग यी कुराहरू हुन आवश्यक बताउनु भएको छ । परमेश्वरको वचन हरेक इसाईको लागि लोकप्रीय छ कि मैले त्यो सन्दर्भ बताउन कठिनले आवश्यक छ । उदाहरणको लागि : लुका १०:२७ वा मर्कुस १२:३०-३१...तैंले परमप्रभु आफ्नो परमेश्वरलाई आफ्नो सारा मनले, आफ्नो सारा प्राणले, आफ्नो सारा बुद्धिले र आफ्नो सारा शक्तिले प्रेम गर । ..यसैले तपाईं कहिल्यै पनि भन्न सक्नुहुन्न कि परमेश्वरसँग मित्र हुने शर्तहरू मलाई थाहा छैन । परमेश्वरलाई ग्रहण गर्ने कुरा पर्याप्त छैन ।

परमेश्वरले यसलाई पूर्णरुपले स्पष्ट पार्नु भएको छ कि उहाँसँग मित्र हुनलाई एउटै मात्र बाटो र उपाय छ । यसको अर्थ यो होइन कि यदि हामी उहाँको मित्र होइनौं भने उहाँ हामीलाई सहायता गर्न आउनुहुनेछैन । यो चैं परमेश्वरको अनुग्रह हो कि उहाँले हामीलाई उहाँको चाहिने कुराहरू हामीले पूरा नगरे तापनि हामीलाई मद्धत गर्नुहुन्छ । त्यो चैं उहाँको दया हो । तर वास्तविकता चैं यो होइन कि उहाँले तपाईंलाई मद्धत गर्दैमा तपाईं उहाँको मित्र हुनुहुन्छ । तपाईंले केही कुरा गुमाउनु हुनेछ । परमेश्वरले उहाँको मित्रता प्रदान गर्नुहुन्छ, तर चाहे पूरानो करारमा होस् वा नयाँ करारमा होस्, उहाँले यो पूर्णरुपले स्पष्ट पार्नु भएको छ । तिमी मेरो हुन चाहन्छौ भने, तिमीसँग भएको सारा कुराले मलाई प्रेम गर्नुपर्छ । त्यसको अर्थ हामी मित्रहरूमा केही कुराहरूको परिवर्तन हुन आवश्यक छ । स्वार्थका केही कुराहरू मारिनुपर्छ । यो स्वार्थ हट्नुपर्छ । म यो कुरा बताउन चाहन्छु : केही मानिसहरूले विगतमा आफ्नो स्वार्थ सुम्पिदिएका थिए, स्वार्थ मर्नलाई केही कुरा भनिएको थियो तर केही बर्ष बित्दै जाँदा तिनीहरूले आफ्ना स्वार्थहरू फेरि फिर्ता लिन शुरु गरे । दुर्भाग्यवश यो केही भएन । कसैले निर्णय गरे कि प्रभुको सेवा गर्ने मूल्य अत्ति उच्च छ । परमेश्वरसँगको मित्रता अत्ति महँगो छ । यसैले तिनीहरू फेरि संसारतिर नै फर्के ।

दुर्भाग्यवश यो पनि केही भएन । म तपाईंलाई भन्न सक्छु कि हामी सबैजनाको लागि पूरा समय सेवा गर्नमा यी रेखाहरूमा राम्ररी परिक्षित भएका छौं । हामी यो महसुस गर्छौं कि यो पनि हाम्रो लागि अत्यधिक महँगो छ । हुन सक्छ, हामी अलिकति पछाडि हट्न सक्छौं । अनि हिब्रू १०:३८ मा वचन सुन्छौं : यदि उनी पछि हट्छ भनेता मेरो मन उनीसँग खुश रहेनेछैन ।

बाइबलमा जोनाथन र दाउदको मित्रताको चित्रण अत्ति राम्रो छ । म हरेक इसाईहरूलाई ती पुस्तकको अंश वा खण्ड होशियारीसाथ पढ्न उत्साह दिन चाहन्छु । त्यो हो : १ शामुयल १८ - २४ अध्यायहरू । हरेक इसाईले यो बाइबलको अंश घरि घरि दोहोर्‍याइ र तेहर्‍याइ पढ्न सक्छन् । उनीहरूको पूरा समर्पण र आफैले आफैलाई एक अर्कालाई दिनु लोकप्रीय हुन्छ । तापनि प्राय इसाईहरू महसुस गर्दैनन् कि यो खासगरी मित्रताको नमूना र प्रभु येशूको बीच देखा पर्न सक्नुपर्छ । त्यसकारण बाइबलमा धेरै अध्यायहरू यसको लागि समर्पित छन् । यो अलौकिक सम्बन्ध हुनको लागि मात्र अर्थ होइन । तर प्रभुसँग हरेक इसाईको साधारण सम्बन्ध हुन्छ ।
म ब्याख्या गर्न चाहन्छु : यदि तपाईंलाई प्रभु येशूले दिनु भएको चेलापनको शर्तहरू पढ्नु भयो भने ब्यवस्था ६:५ मा भनेको जस्तै ठिक कुरा तपाईंले महसुस गर्नुहुनेछ । तिमीहरूले आरुना परमेश्वरलाई आरुनो सम्पूर्ण मनले, आरुनो सम्पूर्ण प्राणले र आरुनो सम्पूर्ण शक्तिले प्रेम गर । उदाहरणको लागि, जब प्रभु येशूले भन्नुभयो, मत्ती १०:३३ मा जसले आरुनो आमाबाबुलाई मलाईभन्दा बढी प्रेम गर्छ, त्यो मेरो योग्यको हुँदैन, उहाँले ठिक त्यस्तै कुरा भनिरहनुभएको छ । तिमीले मलाई सम्पूर्ण रुपमा प्रेम गर्नुपर्छ र यसको अर्थ यदि मलाईभन्दा बढी अरुलाई प्रेम गर्छौ भने तिमीले मलाई प्रेम गर्न सक्दैनौ ।

जोनाथान र दाउदबीचको सम्बन्धलाई हेर्नु भयो भने जोनाथानले दाउदलाईभन्दा आरुनो बाबुलाई बढी प्रेम गरेको पाउनुहुन्न । जोनाथानले आफ्नै बाबुलाईभन्दा बढी परमेश्वरले अभिषेक गर्नुभएको दाउदलाई प्रेम गर्नुपर्छ भनी जाने । दिनु शब्द (मसिह) र ग्रीक शब्द ख्रीष्ट दुवैको अर्थ हुन्छ : अभिषेक । येशू दाउदको वंशको हुनुहुन्थ्यो । ख्रीष्टको पूर्वजको नाताले दाउद चैं प्राय ख्रीष्ट मसिहको चिन्हको रुपमा प्रयोग हुन्थ्यो । अर्को शब्दमा, दाउदसँग सम्बन्ध स्थापना गर्नु नै जोनाथानले ख्रीष्टसँग सम्बन्ध स्थापना गर्नु थियो ।
प्रभुले पनि भन्नुभयो कि जसले आरुनो छोरा कि छोरीलाई मलाईभन्दा बढी प्रेम गर्छ, त्यो मेरो योग्यको हुँदैन (मत्ती १०:३७) । जोनाथानले आरुना छोराछोरीहरूलाई दाउदलाईभन्दा बढी प्रेम गरेन । वास्तवमा आफैलाई पनि दाउदलाईभन्दा बढी प्रेम गरेन । उसले दाउदको प्रेममा आफैलाई इन्कार गर्‍यो । कसरी ? किनभने, इस्रायलको राजा शावलको छोरा जस्तै राजकुमारको मुकुट थियो, राजगद्धीको उत्तराधिकारी भयो, तर दाउदको समर्थनमा, ऊ आफ्नै राजगद्धीको अधिकारलाई उसको आफ्नै छोराहरू र नानीहरूको हक जस्तै गरी सुम्पिदियो ।

मत्ती १०:३८ मा येशूले भन्नुभयो, जो आरुनो क्रुस उठाएर मेरो पछि लाग्दैन, त्यो मेरो योग्यको हुँदैन । जोनाथान र दाउदको मित्रता एउटा गह्रौं क्रुस थियो, किनभने उसको बाबुको क्रोध उसको बिरुद्धमा भयो । उसको बाबु ऊसँग धेरै रिसाएको थियो । किनभने उसले दाउदप्रति गरेको समर्पणता र मित्रताको कारणले उसलाई सबै प्रकारको नामहरूले बोलायो । वास्तवमा उसको बाबु ऊप्रति यति क्रोधित थियो कि जोनाथानले दाउदलाई प्रेम गरेको कारणले उसको आरुनो जीवनलाई जोखिममा राखे । जो आफ्नै छोरालाई बाबुले मारेको जस्तै, शावलको आफ्नै छोरासँग पनि समस्या थियो । उसले त्यो पनि धेरै राम्रोसँग गर्न सक्थ्यो ।

प्रभुले मत्ती १६:२४ मा पनि भन्नुभयो,  कोही मेरो पछि आउने इच्छा गर्दछ भने उसले आफूलाई इन्कार गरोस् र आरुनो क्रुस उठाएर मेरो पछि लागोस् । त्यही काम जोनाथानले गरे । ऊ आफै राजगद्धीको उत्तराधिकारी हुँदाहुँदै पनि दाउदको पछि लाग्न चाहन्थे । उसले दाउदलाई भन्यो : जब तपाईं राजा हुनुहुनेछ, मलाई तपाईंको दाहिने हाततिर बस्न स्थान दिनुहोला । ऊ आफै राजा हुनेवाला थियो तर उसले आरुनो राजगद्धी खुशीसाथ दाउदलाई दियो । म तपाईंको पछि लाग्ने, तपाईंको रुपमा तपाईंकै दाहिने बाहुलीतिर रहनेछु । यो एउटा स्वार्थ त्यागको मित्रता हो । बिहान सबेरै उसले आरुनो कवच, तरवार र श्रीपेच फुकाल्यो र दाउदलाई दियो । त्यसबेला एकजना सैनिक उसको प्रीय हुन र उसको असल मित्र बन्न गइरहेको थियो । अझ उसको कवच चैं त्यो साधारण सिपाहीको थिएन, तर राजकुमारको श्रीपेच थियो । उसको कवच दिँदै गर्दा उसको आरुनै स्थान पनि दाउदलाई दियो ।

लुका ९:२६ मा येशूले भन्नुभयो : तर जो मेरो वचनसँग शर्माउँछ, मानिसको पुत्र पनि आरुनो पीताको महिमा र पवित्र दूतगणको महिमामा आउँदा त्यससँग म शर्माउनेछु । जोनाथान दाउदसँग शर्माउनुपर्ने कुनै कारण नै थिएन । दाउद त्यतिबेलासम्म एउटा कानूनभन्दा बाहिरको मानिस थियो । ऊ कुनै महत्वपूर्ण ब्यक्ति थिएन । वास्तवमा शावल चैं एउटा अपराधी थियो । दाउद उसको जीवनको निम्ति भाग्दै थियो, किनभने शावलले घरि घरि मार्नलाई कोशिस गऱ्यो । एकजना अपराधी र कानून बाहिरको मानिसको रुपमा ब्यवहार गरे तापनि जोनाथान कहिल्यै पनि आफूले दाउदलाई प्रेम गरेको कुरा आरुनो बाबुलाई बताउन शर्माएन । उसले दाउदलाई फिर्ता ल्याउन स्वीकार गर्न उसको बाबुलाई विश्वास दिलाउन प्रयास गऱ्यो । यहाँ चेलापनको एउटा नमूना देख्छौं : स्वार्थत्यागी मित्रता । यो चैं भनेर  साध्य नै नभएको सुन्दरता हो ।

यो जोनाथान र दाउदको कथा बाइबलमा धेरै महत्वपूर्ण छ । यदि तपाईंले बाइबलको स्वार्थ मृत्यु, क्रुस उठाएर पछि लाग्ने शब्दावली बुरुनलाई कठिन पाउनुहुन्छ भने जोनाथान र दाउदको कथा अवश्य हेर्नुहोस् । यदि तिमी मेरो चेला हुन चाहन्छौ भने, तिमी जोनाथानबाट

सिक भनी येशूले भन्नुहुन्थ्यो भने, यदि तिमी जोनाथान जस्तो हुन सक्दैनौ भने तिमी मेरो चेला हुन सक्दैनौ, भन्नुहुन थियो । परमेश्वर हाम्रो मित्र हुन चाहनुहुन्छ, स्वर्गदूतलाई यो उपलब्धी दिनु भएन । तर मित्रताको सम्बन्ध दुई प्रकारका छन् । उहाँको चेला हुनलाई उहाँको मित्र हुनुपर्छ । परमेश्वर एउटै प्रकारको ब्यक्तिसँग मित्र हुन चाहनुहुन्छ, जुन ब्यक्तिले आरुनो सबै स्वार्थ त्यागेको र ऊसँग भएका सारा कुराले उहाँलाई प्रेम गरेको, जुन तरिका जोनाथानले गरे । तब तपाईं नयाँ प्रकारको जीवनमा परमेश्वरको मित्रतामा प्रवेश गर्न सक्नुहुनेछ । जुन तपाईले सम्भवतः कहिल्यै पनि थाहा पाउनु भएको थिएन । तपाईं पनि इतिहासमा दुर्लभ कहलाइएका ब्यक्तिहरू जस्तै परमेश्वरको मित्र कहलाइनुहुनेछ । तपाईं अब्राहम र मोशा जस्तै आत्मिकी आकाशमा भएका केही ती ताराहरूमध्ये एउटा बन्नुहुनेछ ।

-¤ समाप्त ¤-